मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति' को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ • अंक १५७ • २०८१ साल वैशाख १५ गते शनिबार • Saturday 27, April 2024 • सूर्योदय: बिहान ५:३० बजे • सूर्यास्त: साँझ ६:३६ बजे • पृष्ठ ४+४ • मूल्य रु. ५/-

वैभव
शनिबार ४ पृष्ठको वैभव



- चन्द्रकिशोर प्रसाद साह - तराईमा प्रचण्ड गर्मी र 'लू' को समस्या
- वीरेन्द्र रमण - जनकपुरधामका मठमन्दिर र यसको व्यवस्थापकीय चुनौती
- सागर श्रेष्ठ - 'मिलिनियम ट्रेक' लाई नियाल्दा
- प्रेमनारायण आचार्य - 'भाग्यले ठगेको दिन सम्झन चाहन्नन् ऋषि'

# आगलागी पीडितमाथि खोइ मुख्यमन्त्रीको समवेदना ?

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेशमा दिनहुँ आगलागी भइरहेका छन् । आगलागीले सिंगो मधेश आक्रान्त छ । जनजनको आँखामा आँशु छ, रोदन छ, खुला चौरमा बास छ । दाताले दिएको केही खाद्यान्न र घर बनाइदिने आश्वासनमा खुला चौरमुनि रात काटिरहनु परेको छ । 'आगोले जिन्दगी झण्डै खाएको, धन्न ज्यान बच्यो तर भएका एक जोर कपडा पनि निकाल्न नसकिएको' भन्दै सर्वसाधारण रोदन पेश गरिरहेका छन् ।

दुःख कतिसम्म पाइएको छ भने, बुधबार महोत्तरीको मटिहानीमा एकसय भन्दा बढी घर जल्दा त्यसको आगोको रापले १८ किलोमिटर परसम्म तातो हावा चलेको खबर आएको थियो । शुक्रबार संघीय सरकारका उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेले अग्निपीडितका लागि राहत कार्यक्रममा विलम्ब नगरिने बताए । उनले देशभरका अग्निपीडितका लागि बोलेका हुन् । यसैगरी आफ्नो प्रदेशका जनताको बिचल्लीमा प्रदेश सरकार बोल्नु पर्छ । प्रदेश सरकारका पनि मुखिया मुख्यमन्त्री हुन्, उनले नै बोल्नु पर्छ । जिल्लैपिच्छे आगलागीका घटना भएका छन् । सानो आगोको फिलिंगोले सिंगो बस्ती खरानी भइरहँदा वैशाखको दोस्रो साता बितेको छ ।

तर मधेश प्रदेश सरकारका मुख्यमन्त्री कतै अग्निपीडितप्रति समवेदित भएको सुनिएको छैन । उनी अग्निपीडितको बस्ती पुगेको, अग्निपीडितलाई सहानुभूति दिएको, समवेदित भएको सुनिएको छैन । यदि छ भने उनको सचिवालयले जानकारी दिएन भन्नु पर्छ, यो कुरा बाहिर ल्याउन चाहेन भन्ने मान्नुपर्छ । तर मुख्यमन्त्री यादव मधेशका हरेक मूलमुद्दामा यसरी नै मौन बस्नु नौलो होइन ।



आफ्नै भूगोलमा गोली चलेर नागरिक मारिँदा पनि उनको समवेदना आएको थिएन । मधेशका कैयौँ ठूला घटनामा उनको चासो कम हुने गर्छ । धान रोप्नका लागि व्यवस्था गरिएको लिफ्टिङ सिँचाइ मकै मर्न थालेपछि खोल्नु परेको छ । मुख्यमन्त्रीको कुनै चासो देखिन्न । उनी वश भन्छन्, 'मैले केही नराम्रो गरेको छैन ।' अझ रकमीकलमी कुरा आए उनी तर्क गर्छन्, 'मैले मुख्यमन्त्री कार्यालयमा बजेट नै राखेको छैन ।' उनी सकभर समस्यामा छिर्न चाहदैनन् । यसरी नै तर्किएर विषयान्तर गरेर बसिदिन्छन् । यो नौलो होइन ।

यसपटक मधेश आगोको लपेटामा परिरहेको छ । स्थानीयदेखि राष्ट्रिय सञ्चारमाध्यमहरु यही विषयमा लेखिरहेका छन् । मधेशका अग्निपीडितको तस्बिर देखाइरहेका छन् । तर मधेश प्रदेश सरकार गुमनाम छ । मुख्यमन्त्री गुमनाम छन् । विभागीय मन्त्रालय गृह, कानून तथा सञ्चार मन्त्रालय पनि बेखबर देखिन्छ । जनता आगोले आहत छन् । मधेश प्रदेश सरकारले कतै एक बोरा राहत दियो भन्ने समाचार आउँदैन । मन्त्री, मुख्यमन्त्री सबै मौनता साँधिरहेका छन् । आखिर किन ?

जनजनले मधेश सरकारसँग अपेक्षा गरिरहँदा मधेश सरकारको मौनता देखिन्छ । छेउबस्तीका अग्निपीडित बस्तीमा नदेखिएको सरकार विभिन्न औपचारिक कार्यक्रममा देखिन्छ । मूलमुद्दा ओझेलमा पारेर ससाना मुद्दामा बोलिरहेको सुनिन्छ । जस्तो शुक्रबार मुख्यमन्त्री यादवले प्रदेशमा सवारी चेकजाँचका नाममा आतंक मच्चाइएको भन्दै प्रहरीको आलोचना गरे । अहिले आगलागीका घटनामा उद्धार तथा जनताको जिउधन बचाउन सबैभन्दा पहिला घटनास्थल पुग्ने राज्यको अंग नेपाल प्रहरी नै हो । तर मुख्यमन्त्री यादव पुरानै कुरा उठाएर प्रहरी आफ्नो मातहत नआएकामा गुनासो गरिरहन्छन्, प्रहरीको आलोचना गरिरहेका छन् । उनले मधेश प्रदेशमा सवारी चेकजाँचका बहानामा ट्राफिक प्रहरीले आतंक मच्चाएको र सुरक्षा परिषद् बैठकमा आवाज उठाइने बताए । ४२ डिग्री घाममा सडकमा खटिएका ट्राफिक प्रहरीसँग मुख्यमन्त्रीको उत्तेजना यतिखेरको मूलमुद्दा हो र ?

कार्यक्रम हो तराई यातायात व्यवसायी संघको १७ औँ साधारणसभा । मुख्यमन्त्री यादवले गृहिजल्ला बाराको सिमरामा आगामी आर्थिक वर्षदेखि पथलैयामा रहेको सवारी पटके कर संकलन गर्ने कार्यालय विस्थापित गरेर शाखा विस्तार गर्ने र चौमासिक रुपमा गर्नुपर्ने रोड परमिट, सवारी जाँचपास र नवीकरण एकर्षमा गर्ने व्यवस्था मिलाइने बताए । तर यसका लागि उनले प्रदेश सरकारका आवश्यक कानून निर्माणको काम अघि बढाएका छन् कि छैनन्, मधेशदृष्टिले फलोअप गर्नेछ । सार्वजनिक खपतका लागि बोले या काम पनि मन्त्रालयमा बढाएका छन् ? ट्रक व्यवसायीको हितका लागि मधेश सरकारले के गर्दैछ, उनले कार्यक्रममा खास बताएनन् । आगलागी पीडित सरकार खोजिरहेको छ, मुख्यमन्त्री एउटाको कार्यक्रममा पुगेर रमाइरहेका छन्, दोस्रो पक्षलाई आलोचना गरिरहेका छन् । खासमा भूगोलका पीडित नागरिक चैँ मुख्यमन्त्री भेट्न पाइरहेका छैनन्, आफ्नो कुरा भन्न पाइरहेका छैनन् ।

उसो त यातायात व्यवसायीको कार्यक्रममा मुख्यमन्त्री यादवले महोत्तरीको मटिहानी नगरपालिका–६ स्थित जरलहवा गाछीमा भीषण आगलागीमा परेर घरबारविहीन बनेकालाई मधेश प्रदेश सरकारले घर बनाइदिने बताउन भ्याए । उनले मधेश प्रदेश सरकारले नयाँ घर बनाएर हस्तान्तरण गर्ने प्रतिबद्धता पनि गरेका छन् । तर यही कुरा उनले पीडित जनतामै गएर भन्न किन कन्ज्युस्याइँ गरिरहेका छन् ?

## वीरगंजमा पानी अभाव
## डि बोरिङबाट समाधान खोजिँदै

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रचण्ड गर्मीसँगै लामो समयदेखि पानी नपर्दा खडेरी र सुक्खायामका कारण वीरगंजसहित मध्यतराईका बारा, पर्सा, रौतहटमा खानेपानीका धारा सुक्न थालेपछि सर्वसाधारण प्रभावित भएका छन । वीरगंज नगरक्षेत्रमा चैतको अन्तिम सातादेखि नै अधिकांश क्षेत्रमा खानेपानीका धारा सुक्ने क्रम शुरु भइसकेको र पर्सा, बारा र रौतहटमा समेत चापाकल धारा सुक्दै गएपछि खानेपानीको समस्या बढ्दै गएको छ ।

वीरगंज महानगरपालिकाको खानेपानी महाशाखाका प्रमुख इन्जिनियर राकेश कुमार साहले केही साता यता वीरगंज महानगर क्षेत्रमा चापाकल सुक्न थालेको र त्यसले खानेपानीको समस्या नगरक्षेत्रमा फेरि शुरु भएको बताए । उनले वीरगंजमा गतवर्ष चापाकल सुकेर समस्याग्रस्त बनेका वडामा यसपटक अझ धेरै पिउने पानीको समस्या हुनसक्ने संकेत देखा परेको बताए । वीरगंज महानगर क्षेत्रमा यसअघि सामान्यतया पानीको सतह २७–२८ फिटमा भेटिने गरेकामा ३०–३५ फिट तलसम्म पुगेको भन्दै उनले पानीको सतह अझ घट्न सक्ने सम्भावना रहेको बताए ।

चापाकल धारा सुकेर पानीको समस्या हुन थालेपछि यस वर्ष पनि महानगरपालिकाले विभिन्न वडामा डिप बोरिङ जडान गरिरहेको बताउँदै साहले खानेपानीको समस्याग्रस्त वडामा डिप बोरिङ जडान भइरहेको जानकारी दिए । अहिले व्यक्तिगतरुपमा डिप बोरिङ जडान गर्दा समस्याग्रस्त छिमेकीलाई पनि पानी उपलब्ध गराउने शर्तमा महानगरको कार्यालयले डिप बोरिङ जडानको इजाजत दिने गरेको छ । अधिकतम ३ सय ५० फिटसम्मको गहिराईमा मात्र डिप बोरिङ जडानका लागि महानगरले अनुमति दिने गरेको छ ।

त्यो भन्दा बढी गहिराइमा बोरिङ जडान गर्न नपाउने साहले बताए । वीरगंज महानगर क्षेत्रमा गर्मीका बेला गतवर्षदेखि चापाकल सुकेर पिउने पानीको हाहाकार भएको थियो । त्यसपछि महानगरपालिकाले केही वडामा डिप बोरिङ जडान गरेको थियो भने व्याक्तिगतरुपमा पनि डिप जडान गरिएको थियो । तर जथाभावी डिप बोरिङ जडान गर्दा पानीको सतह झनै घट्न थालेको गुनासो आएपछि गतवर्ष महानगरपालिकाले व्यक्तिविशेषलाई डिप बोरिङ जडानमा रोक लगाएको थियो ।

## आजपा र समाजवादी जनएकताबीच एकीकरण

**मधेशदृष्टि**
**रौतहट ।**
पूर्वमन्त्री प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा) र समाजवादी जनएकता पार्टी नेपालबीच पार्टी एकीकरण हुने भएको छ । शनिबार काठमाडौँस्थित बुद्धनगरको क्वालिटी बैंक्वेटमा पार्टी एकीकरण घोषणा हुनेछ ।

आजपा अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साह र समाजवादी जनएकता पार्टी नेपालका संयोजक नारायण श्रेष्ठले एकतापत्रमा हस्ताक्षर गर्दै पार्टी एकता घोषणा गर्ने कार्यक्रम रहेको आजपाका प्रवक्ता चन्द्रभुषण साहले जानकारी दिए ।

पछिल्लो समय विभिन्न पार्टी परित्याग गरी आजपामा प्रवेश गर्नेको लहर चलेको छ । आजपाको नीति तथा कार्यक्रम राम्रो रहेकाले विभिन्न पार्टी परित्याग गरी नेताहरू आजपामा प्रवेश गर्नुका साथै विभिन्न पार्टीसँग एकीकरण भइइरहेको आजपा स्थायी कमिटी सदस्य विजय यादव निर्विजले बताए ।

पछिल्लो समय आजपाले भ्रष्टाचार, अनियमितता, कुशासन एवम् दलीय लुटतन्त्रविरुद्ध संघर्षका कार्यक्रम गर्दै आइरहेको छ ।

## मन्त्री फेरिएपछि कांग्रेसका कार्यकर्ताद्वारा योजनामा अड्चन

आर्थिक वर्ष २०८०–८१ मा रातो किताबमा रहेका मधेश प्रदेश सरकारमार्फत रौतहटमा परेका योजनाहरु पूर्वाधार विकास कार्यालयका प्रमुख र कर्मचारीको योजनाको पत्र दिनुअघि कमिसन लिइरहेको पाइएको छ ।
**–सुनीलकुमार यादव जितेन्द्र**
**सभापति, नेपाली कांग्रेस**

कसैको काम गरेबापत एक टुक्रा सुपारी खाएको भए पुष्टि गर्न चुनौती दिन्छु, जागिर डेढ महिना मात्र बाँकी छ, यदि मेरै कारण कांग्रेसका नेता कार्यकर्तालाई कठिनाइ भएको छ भने म अहिले नै राजीनामा दिन तयार छु ।
**–विनोद कुमार ठाकुर,**
**प्रमुख, भौतिक पूर्वाधार कार्यालय गौर**

सञ्जय मिश्रा
रौतहट ।
मधेश प्रदेशमा नेतृत्व परिवर्तनसँगै योजना बाँडफाँडका विषयमा उत्पन्न विवादका कारण पूर्वाधार विकास कार्यालय रौतहट समस्यामा परेको छ । पूर्व भौतिक पूर्वाधार विकासमन्त्री कृष्णप्रसाद यादव पक्ष र वर्तमान मन्त्री सरोज कुमार यादवका कार्यकर्ताबीच भएको द्वन्द्वका कारण पूर्वाधार कार्यालय रौतहट बदनाम भएको हो ।

नेपाली कांग्रेस पार्टीले जिल्ला समन्वय समिति रौतहटमा ज्ञापनपत्र बुझाएको छ । कांग्रेसका जिल्ला सभापति एवम् प्रदेश सदस्य सुनीलकुमार यादव जितेन्द्रको नेतृत्वमा गएका नेताकार्यकर्ताले समन्वय समितिका सभापति रामअयोध्या राय यादवलाई ज्ञापनपत्र बुझाएको हो । ज्ञापनपत्र बुझाउँदै सभापति जितेन्द्रले पूर्वाधार विकास कार्यालयको बेथिति अन्त्य गर्न आग्रह गरे । आर्थिक वर्ष २०८०–८१ मा रातो किताबमा रहेका मधेश प्रदेश सरकारमार्फत रौतहटमा परेका योजनाहरु पूर्वाधार विकास कार्यालयका प्रमुख र कर्मचारीको योजनाको पत्र दिनुअघि कमिसन लिइरहेको कांग्रेस सभापति जितेन्द्र यादवले बताए ।

योजना बिक्री गरेर प्रमुख विनोद ठाकुरसहितका कर्मचारीहरु सिंगो पूर्वाधार विकास कार्यालयलाई बदनाम गराइरहेको र इञ्जिनियर रामबाबु साहले खुलेयाम १५ प्रतिशतका दरले कमिसन माग्ने गरेको कांग्रेसको आरोप छ । भौतिक पूर्वाधार विकास मन्त्री सरोज कुमार यादवको निर्देशनमा जिल्लामा विनियोजित बजेट रकमी चलखेलका आधारमा बिक्री वितरण भइरहेको तथा उपभोक्ता समितिबाट १० प्रतिशत रकम लिएर मात्रै भुक्तानी दिइरहेको पनि उनीहरूले आरोप लगाउँदै बुधबार नेपाली कांग्रेस रौतहटले कार्यालयमा तालबन्दीसमेत गरेको थियो ।

उता, भौतिक पूर्वाधार कार्यालय गौरका प्रमुख विनोद कुमार ठाकुरले कांग्रेसले लगाएको सम्पूर्ण आरोप खण्डन गरेका छन् । उनले कसैको काम गरेबापत एक टुक्रा सुपारी खाएको भए पुष्टि गर्न कांग्रेस पक्षलाई चुनौती दिए । 'जागिर डेढ महिना मात्र बाँकी छ, यदि मेरै कारण कांग्रेसका नेता कार्यकर्तालाई कठिनाइ भएको छ भने राजीनामा दिन तयार छु,' प्रमुख ठाकुरले बताए । यसअघि कृष्णप्रसाद यादव भौतिक पूर्वाधार मन्त्री हुँदा रौतहटका लागि विनियोजन गरेको सम्पूर्ण योजना उनीहरुकै निर्देशनअनुसार वितरण भएको बताइएको छ । भौतिक पूर्वाधार मन्त्रालय मातहतपछि डिभिजन सडक कार्यालय मर्ज गर्दा सोही कार्यालयसँग सम्बन्धित केही योजना बाँकी छन् । पूर्वमन्त्रीसँग सम्बन्धित कांग्रेस जिल्ला सभापति सुनिल कुमार यादव जितेन्द्रलगायत नेताकार्यकर्ता आएर ती सबै योजना आफ्नो पालामा आएको र सबै योजना पाउनु पर्ने अडान राखे ।

उता, मन्त्री सरोज कुमार यादव पक्षले कांग्रेस नेताको निकट भएको योजना छ भने उनीहरूलाई दिन र बाँकी योजना नदिन अडान लिएका छन् । रौतहटका सिडिओ हीरालाल रेग्मीले पछिल्लो अवस्थाबारेमा जानकारी दिएर यो समस्या समाधानमा दुवै दलका नेता बसेर टुंगो लगाउन आग्रह गरेको भौतिक पूर्वाधार विकास कार्यालय गौरका प्रमुख ठाकुरले स्पष्ट पारे । तर कांग्रेस सभापति जितेन्द्रसहित कांग्रेसका नेता त्यसो नगरी बलपूर्वक कार्यालयमा तालाबन्दी गरेर झुठा आरोप लगाएको ठाकुरले जानकारी दिए । सडक डिभिजनसँग सम्बन्धित झण्डै २० करोड रुपैयाँको योजना वितरण गर्न बाँकी रहेकाले दुवै दलका नेता प्रदेशस्तरमै बसेर सहमति गरेर काम अगाडि बढाउन आग्रह गरेका छन । कार्यालयमा तालाबन्दी गरेर समस्या समाधान नहुने तथा रकम फ्रिज गराएर जिल्लाको जनताको साथ अन्याय हुने भएकाले त्यसो नगरी तुरुन्त समाधानको बाटो पहिल्याउन जानकारहरुले सुझाव दिएका छन् ।

गरम हावा/लू से बचे खातिर
यी बातसब ध्यान मे राखल जावो

- पानी अधिक पियल जावो ।
- दिनके १२ बजेसे ४ बजेके कडा घाममे सकभर घरसे ना निकलकल जावो ।
- सबेरे आ सझिया ही खेतबारी मे काम करल जावो ।
- घाम के समयमे घरसे बाहर निकलेके परे त पतला सुती के कपडा से मुडी आ चेहरा तोपल जावो । गम्छा, टोपी आ छाता के प्रयोग करल जावो ।
- जुत्ता के बदला खुल्ला चप्पल पहिरल जावो ।
- निम्बु पानी, नारियल पानी, छाछ, मट्ठा आ फलफूल जैसन पेय पदार्थ के सेवन करल जावो ।
- हल्का आ सुती के खुल्ला कपडा लगावल जावो ।
- गर्मी के समय मे बाजारके पैक करल खाना ना खाइल जावो ।
- ताजा फल, सलाद आ घरमे बनावल चिज ही खाइल जावो ।
- चक्कर, उल्टी, कपरबथी आ सास फेरे मे तकलिफ होखे त जल्दी से नजिक के अस्पताल वा स्वास्थ्य चौकी मे जचावल जावो ।
- बुढ-पुरनिया, बेमार आ दीर्घरोगी सबके विशेष खयाल कैल जावो ।

जनहितमे जारी सन्देश
बटेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बटेश्वर, धनुषा, मधेश प्रदेश

# गुणस्तरीय स्वास्थ्य–शिक्षा उपलब्ध गराउन सरकार प्रतिबद्ध छः प्रधानमन्त्री



**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गुणस्तरीय स्वास्थ्य र शिक्षामा जनताको पहुँच अभिवृद्धि गर्न सरकारले विशेष चासो दिएको बताएका छन् । पूर्वाञ्चल विश्वविद्यालयको १२ औँ दीक्षान्त समारोहलाई शुक्रबार सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गतका निकायले गुणस्तरीय स्वास्थ्य–शिक्षा उपलब्ध गराउनुपर्नेमा जोड दिएका हुन् । 'पूर्वाञ्चल विश्वविद्यालय परिसरमा आवश्यक संरचना तयारगरी मेडिकल कलेज सञ्चालन गर्नुपर्छ । यस क्षेत्रका जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्छ', प्रधानमन्त्री दाहालले भने, 'मैरै पहलमा पूर्वाञ्चल विश्वविद्यालयले मेडिकल कलेज सञ्चालनको अनुमति प्राप्त गरेको हो । आगामी दिनमा यस क्षेत्रको अधिक जनसंख्यालाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन पहल गर्नेछु ।' कृषि, उद्योग र पर्यटन विकासमा टेवा पु¥याउने र जनताको जीवनस्तरमा सुधार ल्याउनेगरी सडक सञ्जाल विस्तार गर्न सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले रणनीतिक महत्व बोकेको विराटनगर चक्रपथ निर्माणलाई आगामी आर्थिक वर्षदेखि योजनाबद्ध तवरले अगाडि बढाइने जानकारी दिए । पूर्वाञ्चल विश्वविद्यालयले रोजगारमूलक, व्यावहारिक र जीवनोपयोगी शिक्षामा विशेष जोड दिन आवश्यक रहेको बताउँदै प्रधानमन्त्री दाहालले भने, 'खासगरी जैविक विविधताको अनुसन्धान, प्राकृतिक स्रोत–साधन र परम्परागत ज्ञान–सीपको सम्वद्र्धधन गर्नुपर्छ । कृषिमा अत्याधुनिक प्रविधिको प्रयोग र यान्त्रिकीकरणमा समेत यो विश्वविद्यालयले विशेष योगदान पु¥याउनुपर्छ ।' प्रधानमन्त्री दाहालले अलैँची, चिया, रुद्राक्ष, जडीबुटी, जुट, फलफूललगायतका मौलिक बालीहरूका बारेमा सूक्ष्म शोध–अनुसन्धानका साथै उत्पादनको अन्तर्राष्ट्रिय बजारसम्म पहुँच विस्तारका लागि विश्वविद्यालयले महत्वपूर्ण योगदान दिनुपर्नेमा जोड दिए । कार्यक्रममा प्रधानमन्त्री 'प्रचण्ड'ले देशमै बसेर केही गर्नुपर्छ भन्ने भावना जागृत गर्ने शैक्षिक पाठ्यक्रमलाई समय सान्दर्भिक बनाउनुपर्ने बताए । 'युवा–विद्यार्थीमा देशमै बसेर केही गर्नुपर्छ भन्ने भावना जागृत गराई बौद्धिक पलायनलाई रोक्नसमेत पाठ्यक्रममा आमूल परिवर्तन जरूरी देखिन्छ', प्रधानमन्त्री दाहालले भने, 'प्रविधिमा आधारित नवप्रवर्तन र अनुसन्धानलाई उच्च प्राथमिकतामा राखेर पाठ्यक्रम तयार गरी अध्ययन गराउनुपर्छ । समृद्धिसँग जोड्ने व्यावसायिक शिक्षाको खाँचो बढ्दै गएको छ ।' युवा सहभागिताबिना देशलाई समृद्धितर्फ अगाडि बढाउन नसकिने बताउँदै प्रधानमन्त्री दाहालले युवा लक्षित उद्यमशीलता र नवप्रवर्तन तथा मानव संशाधन विकासमार्फत उत्पादन वृद्धि र रोजगारी सिर्जनामा विशेष जोड दिए । लामो समयदेखि विद्यालय तथा विश्वविद्यालय तहमा सिकाउनेभन्दा रटाउने शिक्षा पद्धति चलिरहेको अनुभूति हुने गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले प्राविधिक ज्ञान र सीपलाई विशेष जोड दिनसमेत निर्देशन दिए ।

# बालबालिकाको पोषणलाई प्राथमिकतामा राख्न आग्रह

**रासस**
**ललितपुर ।**
नेपाली कांग्रेसकी केन्द्रीय सदस्य एवम् संसद्को कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति सभापति डा आरजु राणा देउवाले बालबालिकाको पोषण कार्यक्रममा सरकारको प्राथमिकता हुनुपर्नेमा जोड दिएका छन् । शुक्रबार यहाँ आयोजित पोषणसम्बन्धी एक कार्यशालामा उनले बालबालिकामा पोषणको धेरै ठूलो महत्व रहेको र स्वस्थ बालबालिका नै मुलुकको भविष्य भएकाले पोषणका कार्यक्रमहरुमा प्राथमिकता दिएर बजेट विनियोजन गर्नुपर्नेमा जोड दिएका हुन् । डा राणाले आगामी बजेटमा पनि पोषणलाई प्राथमिकतामा राखेर बजेट बढाउनुपर्ने माग गरे ।

उनले भने, 'पोषण सबैका लागि महत्वपूर्ण छ अझ बालबालिकामा यसको झन ठूलो महत्व छ । जब एउटा सानो बच्चा जन्मिन्छ, पेटदेखि नै हामीले पोषणमा ध्यान दिएनौँ भने हाम्रो देशका नागरिक कस्तो हुन्छन् ? अहिले मात्रै होइन भविष्यमा पनि उनीहरुको स्वास्थ्यमा यसले निकै असर गर्न सक्छ । उनीहरुको भविष्य कस्तो हुन्छ भन्ने कुरा पनि पोषणका कारण हुनसक्छ । त्यसैले राज्यले नै यस विषयमा गम्भीर भएर सोच्नुपर्छ ।

# समाज परिवर्तन गर्ने अभियानमा जुटेका छौँः नेपाल




**रासस**
**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले समाज परिवर्तन गर्ने अभियानमा आफ्नो पार्टी जुटेको बताएका छन् । नेकपा (एकीकृत समाजवादी)को भ्रातृ संस्था युवा सङ्घ नेपाल काठमाडौँ जिल्ला समितिले आज यहाँ आयोजना गरेको 'नयाँ वर्ष २०८१ को शुभकामना आदानप्रदान तथा भित्तेपात्रो विमोचन' कार्यक्रममा उनले समाज परिवर्तन गर्ने अभियानमा आफ्नो पार्टी जुटेकाले निराश हुनुपर्ने कुनै कारण नरहेको बताएका हुन् । 'देश र जनताका लागि काम गरेर देखाउने बेला आएको छ, कुनै पनि पार्टी फुट्नु र जुट्नु सामान्य कुरा हो, कम्युनिष्ट पार्टीप्रतिको विश्वास बढाउन युवाहरु अगाडि बढ्नुपर्छ, जनतालाई विश्वास जगाउन जरुरी छ, जनताको पीडाको साथी बन्नुपर्छ, गाउँघरमा पुगेर जनताको समस्या बुझ्नुहोस् र समस्या समाधानमा लाग्नुहोस्', उनले भने ।

अध्यक्ष नेपालले नेपाली समाजलाई परिवर्तन गर्ने क्षमता कम्युनिष्ट पार्टीबाहेक अन्य कुनै पार्टीसँग नभएको उल्लेख गरे । उनले शक्तिमा रहँदा मात्तिएका कारण नेपालको कम्युनिष्ट आन्दोलनले ठूलो क्षति बेहोर्नुपरेको बताए । 'समय र शक्तिको सदुपयोग हुन नसक्नु र व्यक्तिमा घमण्ड उत्पन्न हुँदा पार्टी विभाजन भयो', अध्यक्ष नेपालले भने । उनले इमान्दार, निष्ठा र केही गरौँ भन्ने भावना भएमात्र पार्टी अगाडि बढ्ने बताए ।

पार्टी एकातिर, जनवर्गीय सङ्गठन अर्कातिर हिँड्दा पार्टी अगाडि बढ्न नसक्ने उनको भनाइ छ । उनले आफू ४१ वर्षमा मन्त्री भएर युवाको जोस र जाँगर राष्ट्र निर्माणमा लगाएको स्मरण गर्दै अहिलेका युवालाई समेत नवीन जोस जाँगरका अगाडि बढ्न आग्रह गरे । अध्यक्ष नेपालले पार्टीको दशौँ महाधिवेशन सम्पन्न गर्नका लागि प्रतिवेदन, विधानलगायतका दस्तावेज लेखनको कार्यलाई पार्टीले तीव्र गतिमा अगाडि बढाउँदै आएको बताए । अहिले मुलुकलाई राजनीतिक स्थायित्व चाहिएको उनको भनाइ छ । सुशासन, सामाजिक न्याय र समानता तथा समृद्धि अहिलेको मुलुकको आवश्यकता भएको अध्यक्ष नेपालले बताए । उनले वर्तमान सरकार छ पार्टीको समर्थनमा बनेकाले कुनै एक पार्टी सरकारबाट अलग हुँदा सरकारलाई अप्ठेरो पर्ने अवस्था भएको हुँदा सबैलाई मिलाएर अगाडि बढ्न आग्रह गरे । पूर्वप्रधानमन्त्री नेपालले जलवायु परिवर्तनको असरले नेपालका हिमालमा असर पर्दै गएको भन्दै चिन्ता व्यक्त गरे । विकसित मुलुकले विकासको नाममा प्रदूषण उत्पन्न गर्दा नेपालको सगरमाथामा असर परिरहेको उनको भनाइ थियो । नेकपा (एकीकृत समाजवादी)का स्थायी समिति सदस्य एवम् युवा सङ्घ इञ्चार्ज दिलुकुमारी पन्तले मुलुकको राजनीतिक परिवर्तनमा युवा सङ्घले खेलेको भूमिका महत्वपूर्ण रहेको बताइन् । नेत्री पन्तले पार्टी र देशका हरेक तहमा युवा सहभागिता बढाउन आवश्यक रहेको उल्लेख गरिन् । भ्रष्टाचार विरोधी आन्दोलन, सुशासनको पक्षमा युवा सङ्घले महत्वपूर्ण भूमिका खेलेको उनको भनाइ थियो । युवा सङ्घ काठमाडौँका अध्यक्ष गौरीशङ्कर रानाले सबै युवालाई समेटेर अगाडि बढ्न काठमाडौँ युवा सङ्घले काम गर्दै आइरहेको बताए । उनले युवाका समस्या देखाउनेभन्दा समाधान गर्नेतर्फ अगाडि बढ्ने विश्वास व्यक्त गरे ।

**एकीकृत समाजवादीले सुझाव दस्तावेजमा समावेश गर्ने**

नेकपा (एकीकृत समाजवादी)ले राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गरिने दस्तावेजलाई साझा बनाउन तल्लो तहको सुझाव समावेश गर्ने भएको छ । पार्टीले मातहतका सात प्रदेश सम्पर्क कमिटी र ७४ जिल्ला सम्पर्क मञ्चसँग राय तथा सुझाव मागेको छ । आगामी जेठ मसान्तभित्र मातहतका सबै सम्पर्क कमिटीमा दस्तावेजबारे विस्तृत छलफल गरी केन्द्रमा राय, सुझाव बुझाउन समयसीमा निर्धारण गरिएको सो पार्टीले जनाएको छ ।

तल्लो तहदेखि आएको सुझाव समावेश गरी साझा प्रतिवेदन निर्माण गर्न दस्तावेजलाई परिस्कृत र परिमार्जित गरिने छ । आगामी असार १६ देखि २० गतेसम्म काठमाडौँमा हुने १०औँ राष्ट्रिय महाधिवेशनका लागि असार १ गतेदेखि प्रतिनिधि चयन गर्न लागेको पार्टी सचिव मेटमणि चौधरीले जानकारी दिए । पार्टीले मातहतका केन्द्रीय निकाय, प्रदेश कमिटी, जिल्ला कमिटीले सम्बन्धित प्रतिनिधिको नामवली आगामी जेठ दोस्रो सातासम्म सिफारिस गरी केन्द्रमा पठाउने छन् । पार्टी मातहत कमिटीले पठाएको नामावलीका आधारमा प्रतिनिधि छनोट गरिने छ । पार्टी सदस्यता प्रमाणीकरणपछि उनीहरू मतदाता तथा उम्मेदवार बन्न पाउने छन् । सबै कमिटीले सम्बन्धित नेताको सङ्गठनमा गरेको योगदान तथा कार्यसम्पादनको मूल्याङ्कनका आधारमा प्रतिनिधिको सिफारिस गर्न र आफ्नो कार्य क्षेत्रका सदस्यलाई बैठक गरी त्यसको जानकारी गराउनुपर्ने छ ।

पार्टी सदस्यता विस्तार तथा सङ्गठन सुदृढीकरण गर्न गत वर्ष माघ २५ गतेदेखि चैत २५ गतेसम्म महाधिवेशन केन्द्रित अभियान देशभर सञ्चालन गरिएको थियो । सो अवधिमा पार्टी सदस्य व्यवस्थित तथा विस्तार, सङ्गठन निर्माण, भेला प्रशिक्षण, प्रकाशनसहित सम्पर्क मञ्चका सदस्य विस्तार, वितरण गर्न सदस्यता शुल्कलगायत व्यवस्थित गरिएको पार्टीले जनाएको छ ।

# आगलागी पीडितलाई राहत दिन ढिलाइ गरिएको छैनः गृहमन्त्री

## सहकारी पीडितले भेटे गृहमन्त्री

सहकारी सम्बन्धी समस्या द्रुत प्रक्रियाबाट समाधान गर्ने पहल गरकोमा सहकारीपीडितले उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले धन्यवाद दिएका छन् । शुक्रबार सिंहदरबारमा गृहमन्त्री लामिछानेसँग भएको भेटमा सहकारीपीडितले सहकारीसम्बन्धी समस्या समाधान चाँडो गर्न सुझाव दिएको गृहमन्त्री लामिछानेको सचिवालय सदस्य प्रतिभा रावलले जानकारी दिए । गृहमन्त्री लामिछानेले सहकारीका कारण नागरिकको घरबास उठ्ने अवस्था आएकाले आफूले त्यसलाई टुलुटुलु हेरेर बस्न नसके बताए । सरकारले सहकारी ठगका नाममा रहेको सम्पत्ति र उनीहरुले आफ्ना आफन्तका नाममा बनाएको सम्पत्ति बेचेर भए पनि बचतकर्ताको रकम फिर्ता गर्ने गरी काम गर्ने बताए । गृहमन्त्री लामिछानेले सहकारीको समस्या छिटो समाधान गर्न आवश्यक रहेको भन्दै बिहीबारको मन्त्रिपरिषद् बैठकमा लिखित रुपमै पत्र पेस गरेका थिए । मन्त्रिपरिषद् बैठकले उक्त समस्या द्रुत प्रक्रियाबाट समाधान गर्ने निर्णय गरेको थियो ।



**रासस**
**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेले डढेलो तथा आगलागी पीडितलाई राहत दिन ढिलाइ नगरिएको बताएका छन् । गृह मन्त्रालयमा शुक्रबार आयोजित 'वन, डढेलो तथा आगलागी हालको अवस्था, जोखिम र तत्कालका प्राथमिकता' विषयक छलफल कार्यक्रममा उनले राहतमा कुनै ढिलाइ नहोस् भन्ने नै सरकारको प्राथमिकता रहेको बताए । गृहमन्त्री लामिछानेले भने, 'आपतका बेला सरकार दुई–चार सय नागरिकलाई खुवाउनै नसक्ने अवस्थाको होइन । राहतको कुरा गर्दा स्रोत जुटाउनमा कुनै ढिलाइ गरेका छैनौँ । स्रोत परिचालन गरेका छौँ ।'

विपत्को अनुमान गर्न नसकिए पनि अग्रिम तयारी भने गर्न सकिने उल्लेख गर्दै उनले भने, 'प्राप्त जानकारीका आधारमा सतर्क रहन सकिन्छ, जसले गर्दा जनधनको क्षति कम हुन्छ । गत वर्षको गल्तीलाई नदोहो¥याउने गरी तयारी गर्न जरुरी छ ।'

साताको एक पटक विद्यालयमा यस विषयमा रहेर जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा गृहमन्त्री लामिछानेले जोड दिए । दमकलको क्षमता बढाउनुपर्ने गृहमन्त्री लामिछानेको भनाइ थियो । उनले भने, 'सरकारले २२ तलासम्म भवन बनाउने अनुमति दिएको छ । तर त्यति माथिसम्म दमकलको क्षमताले भ्याउँछ कि भ्याउँदैन ? यसका लागि स्रोत बढाउनुपर्ने देखिन्छ । सुरक्षा निकायका अस्पतालमा जलन वार्ड विस्तार गर्नुपर्छ ।' गृहमन्त्रालयअन्तर्गतको राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणकाअनुसार पछिल्लो २४ घण्टामा ४६ स्थानमा डढेलो, ४३ स्थानमा आगलागी हुनुका साथै जलेर एक जनाको मृत्यु भएको छ ।

# प्रेस स्वतन्त्रताको अभावमा राजनीतिक स्वतन्त्रता प्राप्त हुन सक्दैन्ः सञ्चारमन्त्री

**रासस**
**ललितपुर ।**
सञ्चार, सूचना तथा प्रविधिमन्त्री रेखा शर्माले प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको अभावमा राजनीतिक स्वतन्त्रता प्राप्त हुन नसक्ने बताएकी छन् । नेपाल पत्रकार महासङ्घ ललितपुर शाखाको १४औँ अधिवेशन तथा वार्षिक साधारणसभालाई सम्बोधन गर्दै मन्त्री शर्माले प्रेस स्वतन्त्रता राजनीतिक स्वतन्त्रतासँग जोडिएको उल्लेख गर्दै अभिव्यक्ति स्वतन्त्रताको अभावमा राजनीतिक स्वतन्त्रता प्राप्त हुन सक्दैन भनिन् । 'सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा समावेशीताका आधारमा सबैको भावनालाई आत्मसात् गर्दै जानुपर्छ । यसका लागि प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रता महत्वपूर्ण छ', उनले भनिन् । मन्त्री शर्माले प्रविधिमा आएको परिवर्तनलाई स्वीकार गर्दै निष्पक्ष पत्रकारिताको अभ्यासलाई स्थापित गर्न सबैले ध्यान दिनुपर्नेमा जोड दिइन् ।

प्रविधिसँगै आएको परिवर्तनलाई आत्मसात् गर्दै पुराना कानुनलाई परिमार्जन गर्न आवश्यक रहेको उल्लेख गर्दै उनले प्रक्रियागत ढिलाइका बाबजुद पनि मिडिया काउन्सिल विधेयक र आमसञ्चार विधेयक संसद्मा पेस गर्ने तयारी भइरहेको बताइन् । नेपालको विज्ञापन बजारमा भएको अनियमितता, साइबर सुरक्षा र सामाजिक सञ्जालसम्बन्धी कानुन संसद्मा लैजाने तयारी भइरहेको मन्त्री शर्माले बताइन् । नीतिगत विषय समाधान गरेपछि समस्याको दिगो समाधान हुने उनले विश्वास व्यक्त गरिन् । मन्त्री शर्माले संविधानमा भएको त्रुटिलाई सच्याएर व्यवस्था परिवर्तनबाट अवस्था परिवर्तन गराउनमा मिडियाको भूमिका महत्वपूर्ण हुने भन्दै संविधानको व्यवहारिक कार्यान्वयन गर्दै कानुनी कुरा स्थापित गर्न मिडियाको व्यापक अभियान आवश्यक रहेको बताइन् । 'संवैधानिक रुपमा वंशको अधिकार छोरीलाई भनिए पनि व्यवहारमा लागू हुन सकेको छैन । अझै पनि जिल्ला प्रशासन कार्यालयबाट आमाको नामबाट नागरिकता लिन कठिनाइ भइरहेकाले यसका लागि मिडियाले कमजोरी उजागर गर्दै सहज बनाउन सहयोग गर्नुपर्छ', मन्त्री शर्माले भने ।

अहिलेको व्यवस्था र आन्दोलनप्रतिको नकारात्मक धारणाको विकास भइरहेको उल्लेख गर्दै मन्त्री शर्माले सकारात्मक धारणाको विकास गर्दै प्रशासनिक सुधारमा कलम चलाउन सञ्चारकर्मीहरुलाई आग्रह गरे । 'व्यवस्थामा सञ्जालकले गरेको गल्तीलाई व्यवस्था कै गल्तीकै रुपमा लिन हुँदैन । गल्ती गर्ने ढिलोचाँडो कानुनी दायरमा आउँछ । व्यवस्थालाई उपयोग गरेर भएको व्यक्तिको बदमासीको उजागर गरौँ । तर व्यवस्थालाई भारी बोकाएर खराब बनाउने काम नगरौँ', मन्त्री शर्माले भने । लोकतान्त्रिक छापा माध्यम राष्ट्रिय सञ्जालका अध्यक्ष दामोदरप्रसाद दवाडीले पत्रकार महासङ्घको सदस्यता शुद्धीकरणमा क्रियाशील पत्रकारको सदस्यता छुट्नु, विधान बमोजिम सदस्यको नामावली आएको ६ महिनापछि मात्रै अधिवेशन हुने व्यवस्था महासङ्घले लागू गर्न नसकेको आरोप लगाए । कार्यक्रममा नेपाल पत्रकार महासङ्घ उपत्यका प्रदेश समितिका अध्यक्ष श्रीजन झा, ललितपुर शाखाका अध्यक्ष सागर न्यौपानेलगायतले पत्रकारितालाई व्यवस्थित गराउनु आवश्यक रहेको धारणा राखेका थिए ।

# तराईमा प्रचण्ड गर्मी र 'लू' को समस्या



चन्द्रकिशोर प्रसाद साह



अहिले नयाँ वर्ष प्रवेशसँगै तीव्र रुपमा प्रचण्ड गर्मी बढको देखिन्छ । यसरी अत्यधिक गर्मीको वृद्धि भएसँगै तराईको मधेशमा दिउँसो तातो हावाको बतास चलिरहेको छ । यस्तो चर्को घामसँगै हावा पनि निकै तातो हुने गरेको जसको सम्पर्कमा मानिस, जनावर आउँदा बेहोश, मुर्च्छित हुने गरिन्छ जस अवस्थालाई नै हिटस्ट्रोक (सनस्ट्रोक, लू लाग्नु) भन्ने गरिन्छ । अतः तातो हावा लगातार चल्दा घरमा पनि असर गर्न सक्ने भएकोले विशेष ध्यान दिनुपर्दछ । हाल यस्तो समयमा दिउँसो घर बाहिर जाँदाखेरि बढी सतर्क रहनुपर्दछ । अहिले सडकमा पैदल यात्री तथा साइकल यात्रीको चाप धेरै घटेको पाइन्छ । गर्मीका कारण हिमनदीहरु बाहेकका प्रायः नदी, खोलाहरु सुक्दैछन् । यसबाट पर्यावरणमा प्रतिकूल असर परेको देखिन्छ । यसबाट पानीमा रहने ससाना माछा, अन्य कीरा फट्याङ्ग्रा, कीट आदि माथि निर्भर हुने चरा, जनावरहरुको जीविकामा गम्भीर असर परेको देखिन्छ । स्याल, निलगाई, जंगली जनावरहरु पानीको खोजीमा भौंतारिरहेका छन् । कतिपय बाटो काट्दा दुर्घटनामा परिरहेका छन् । जंगलहरुमा जनावरहरुका लागि पानीको सुविधा पुर्याउनु पर्दछ । सडक, विमानस्थल, रेल्वे लाइन, गाउँ, नगर निर्माण गर्दा वनजंगल संरक्षण हुने गरी बनाउनु पर्दछ । व्यापक रुपमा वन जंगल विनाश गरी निर्माण गरिनु हुँदैन किनकि यसबाट पर्यावरणमा प्रतिकूल असर पर्दछ ।

यस्तो प्रचण्ड गर्मीमा हरदमै विद्युत् लाइन कट्ने समस्या, हुरी झैँ दिनभर तातो हावा चल्ने अवस्था एक हप्तादेखि लगातार जारी छ । यसरी तातो हावा चाहिँ हलुको भई माथितिर जाने अनि खाली भएको ठाउँमा पुनः हावा भरिने प्रक्रियाका कारण दिउँसो हुरीझैँ हावा मच्चिएको हो । गर्मी छल्नका लागि दुबईमा कृत्रिम वर्षात् गराएकाले त्यहाँ धेरै बाढी नै आएकाले अर्बौंको जनधनको क्षति भएको छ भने चीन, पाकिस्तान, केन्या, रुस, अमेरिकालगायत कतिपय देशहरु बाढीबाट त्राहिमाम छन् भने नेपाल, भारत जस्ता देशहरु अत्यधिक गर्मीबाट हैरान छन् । तीव्र जनसंख्या वृद्धि तथा शहरीकरणका कारण पानीको खपत बढिरहेको र जमिन मुनिबाट पानी निस्किने कार्य बढिरहेकाले विभिन्न हिमाली, पहाडी क्षेत्रका भूभाग तल धस्दै गइरहेको छ । गर्मीको समयमा पर्यटकको संख्या हिमाली क्षेत्रमा तीव्र रुपमा बढिरहेकाले त्यस क्षेत्रमा पनि प्रदूषण फैलिएर हिउ खस्ने कार्यमा अवरोध भएको पाइन्छ भने कतैकतै तीव्र रुपमा हिमपहिरो गइरहेकाले तालको जलस्तर बढिरहेको बताइन्छ ।

प्रत्येक वर्षचाँहि गर्मी बढिरहेको छ तर वर्षात् चाहिँ कम भइरहेको पाइन्छ । कहिलेकहिँ पानी पर्ने भए पनि पहाडी क्षेत्रमा हुने तर मधेशमा चाँहि हावाहुरी मात्र आउने अनि बादल घेरिएर पुनः हट्ने गरेको छ । जनमानसलाई वर्षात् हुने झैँ झल्काउने अनि उक्त पानी पर्ने जस्तै 'ललिपप' हेराए जस्तो प्रकृति बनेको छ जसरी नेताहरुले भाषणमा विकासको ओइरो लगाउँछन् । यहाँ करिब ८ महिनादेखि राम्ररी रुपमा वर्षात् भएको देखिँदैन जसको फलस्वरुप जमिनमुनि रहेको पानीको श्रोतचाहिँ घटेकाले चापाकलहरुमा पानीको कमी भई अधिकांश चापाकलहरु सुक्न थालेका छन् । आधा दशकदेखि नगरपालिका, गाउँपालिकाका विभिन्न ठाउँहरुमा नयाँ खानेपानी ट्यांकी निर्माण भएको देखिन्छ । तर अव्यवस्थित तरिकाका कारण धेरै चाहिँ सञ्चालनमा नरहेकाले केवल बजेटलाई 'बालुवामा पानी खन्याएको' देखिन्छ । अतः यस्ता योजनालाई अविलम्ब प्रयोगमा ल्याउनु पर्दछ ।

आजभोलि शहरी क्षेत्र, नगरमा मानिसहरुले सबै जग्गाभरि ढलान हुने गरी पक्की घर बनाउँदै गरेका छन् र सडकहरु पनि ढलान, पिच हुने गरेका, नालाहरु पनि ढलान नै हुने गरकाले जमिनमुनि पानी सोसिने कार्यमा अवरोध हुने गरेको छ । पहिलेका घर, नालाहरुमा इँटको हुन्थ्यो जसबाट केही पानी सोसिन्थ्यो अनि घर वरिपरि पानी तल जानका लागि सोक छोडिन्थ्यो । यस्तै प्रत्येक गाउँ, नगरको वरिपरि पोखरीहरु बनाइन्थ्यो । जसले चिसो वातावरण बनाउनुका साथै विभिन्न कृयाकलापहरुमा प्रयोग हुन्थ्यो । तर अहिले विगतका पोखरीहरु भराएर भवन निर्माणमा तीब्रता छाएको पाइन्छ । शहरी बढेसँगै अझै पोखरी, बगैँचाहरु लाउनुपर्ने हो तर विडम्बना भएको रुखहरु पनि सखाप हुँदै गरेका छन् । यसैगरी नालामार्फत् धेरै टाढासम्म शहर बाहिर पानी खसालिने कार्य गरिन्छ जसको फलस्वरुप शहरी क्षेत्रमा जमिनमुनिको पानीको स्रोत, भण्डारणमा कमी भई अहिले शहरी क्षेत्रमा बढी पानीको हाहाकार भएको देखिन्छ । प्रायः बलौटे माटो भएको स्थानमा नदी, खोला हुने गरेका र त्यस्ता स्थानहरुमा छिटै पानी अवशोषण हुने भएकाले तल पानीको भण्डारण बढी हुन्छ । यस्तै पोखरी, कुँवा नजिक भएका चापाकलहरुमा पानीको कमि भएपनि पूर्ण रुपमा सुकेका छैनन् । हिमाली क्षेत्रमा पनि ४–५ डिग्री सेल्सियस रहने ठाउँमा अहिले १२–१३ डिग्री दिउँसो हुने गरेकाले हिमाली क्षेत्रका मानिसहरु पनि त्राहिमाम भएका छन् भने मधेशमा चाहिँ ४० देखि ४५ डिग्री रहने गरेकाले छट्पटाहट बढेको छ । पानी नपर्ने भएकाले चैते धान चाहिँ बोरिङको पानीले धान रोपाइँ भएको देखिन्छ । प्राकृतिक वर्षात्मा कमी भएकाले पानी पटाएर खेती हुने गरेकाले जति स्वादिष्ट हुनुपर्ने हो सोको कमी रहेको र साथै दानाहरु पनि ससाना हुने गरेको कुरा बताइन्छ । जस्तैः विभिन्न तरकारी, फलफूलहरु । यहाँ स्थानीय रुपमा वृक्ष तथा पोखरीहरुको अत्यधिक कमी भएको र प्रदूषण तीब्र रहेकाले बादल बन्ने कार्य प्रक्रियामा अवरोध भइरहेकाले बाहिरबाट आउने पानीको आशा गरिएको देखिन्छ । अरब सागरबाट आँधी तुफान तथा बंगालको खाडीबाट चलेको हावाबाट मनसुनको भर परिएको छ ।

यस्तो गर्मी एकै पटक चाहिँ आएको होइन । ग्लोबल वार्मिङ चाहिँ यी विभिन्न कारणहरुले गर्दा हुने गरेको छ । गर्मी ल्याउन तथा विद्युत् उत्पादनका लागि बढ्दो इन्धन प्रयोग, अत्यधिक सरसमाग्री उत्पादन, वनजंगल फँडानी, पशुपालन खेती, पारवहनका कारण विश्वभर गर्मी बढिरहेको छ । यी कुराहरुबाट हावापानीमा प्रभाव परेर पृथ्वीको तापमान बढ्दछ । जसले गर्दा ग्रीनहाउस ग्यासको अत्यधिक मात्रा जम्मा हुन्छ । जसको फलस्वरुप हरितगृहमा प्रभाव परी विश्वभर नै गर्मी बढ्ने गर्दछ । अतः ग्लोबल वार्मिङलाई न्यूनीकरण हेतु विभिन्न उपाय अपनाउन सक्नुपर्दछ । जस्तैः 'हल्का कम गर्मी दिने बत्ती प्रयोगमा जोड दिनुपर्ने, गाडीको कम उपयोगका लागि पैदल वा साइकल प्रयोगमा जोड दिनुपर्ने, सडकपेटीमा पैदल, साइकल यात्रीका लागि सडक निर्माण गर्नुपर्ने, पुनः कबाडीका सामान प्रयोगमा जोड दिनुपर्ने, तातो पानीको कम प्रयोग गर्नुपर्ने, पकेट भएका खाद्य सामग्रीको कम प्रयोग गर्नुपर्ने वा सकभर त्यस्ता सामग्रीबाट परहेज गर्नुपर्ने, व्यापक रुपमा वृक्षारोपणमा जोड दिनुपर्ने किनकि एउटा रुखले जीवनभरिमा एक टन कार्बनडाइअक्साइड शोषण गर्दछ । यस्तै, टिभी, कम्प्युटर, डिभिडी प्लेयरलगायतका इलेक्टोनिक उपकरण यदि प्रयोगमा नभए तिनीहरुलाई बन्द गरेर राख्नुपर्ने हुन्छ ताकि त्यसबाट हजारौँ पाउण्ड कार्बनडाइअक्साइड उत्सर्जनबाट बचत गर्न सकिन्छ । यसरी ससाना कुराबाट धेरै कार्बनडाइअक्साइड उत्सर्जनलाई घटाउन सकिन्छ । साथै उत्सर्जित कार्बनडाइअक्साइडलाई खान बृहत् वृक्षारोपण गरिनुपर्दछ । व्यक्ति, वडा, नगरपालिका, गाउँपालिकाले आफ्ना क्षेत्रमा अविलम्ब वृक्षारोपणमा जोड दिनुपर्दछ । यस्तै, ससाना गाडीहरुको ठाउँमा ठूल्ठूला गाडीहरु सञ्चालन भएमा धेरै प्यासेन्जर ओहोरदोहोर हुने र बढी धुँवा प्रदूषणमा निकै कमी आउने भएकाले सम्बद्ध निकायहरु ध्यान दिनुपर्दछ ।

विश्वव्यापी रुपमा जलवायु, मौसम परिवर्तन भई गर्मी बढिरहेको, समुद्री सतहको पानी बढिरहेको, हिमाली बरफ पग्लिरहेको बताइन्छ । मधेशमा वृक्षारोपणमा कमी भएको तर गाडी, कारखाना संख्या, जनसंख्या अत्यधिक भई प्रदूषण बढिरहेको छ । जसको फलस्वरुप वैशाख महिनामा नै लू गराउने गर्मी हावाको बतास चल्ने अवस्था तीब्र रुपमा बढेको देखिन्छ । विश्वमानचित्रमा कार्बनडाइअक्साइड, सल्फरडाइअक्साइड, क्लोरोफ्लोरोकार्बन उत्सर्जन अत्यधिक भइरहेकाले मौसममा निकै परिवर्तन हुने गरेको, ओजोन लेयर क्षय भइरहेको छ । यदि यस्तै बढ्ने क्रम जारी रह्यो भने आउने ५० वर्षमा समुद्र वरिपरिका शहरहरु जलमग्न हुने र टाढाका देशहरु सुक्खाग्रस्त हुने देखिन्छ । अहिले दिउँसो ११ः३० बजेदेखि ३ः३० बजेसम्म ४० डिग्री सेल्सियस भन्दा बढी तापक्रम रहेको र बादल नभई लगातार घाम लाग्ने गरेकाले निकै गर्मी भई लू लाग्ने हावा चलिरहेको देखिन्छ । कमजोर कलेजो भएका, पानीको मात्रा पर्याप्त नभएका, सुरक्षित कपडा नलगाएका, टाउकोमा समुचित छेकवार नरहेका कारण दैनन्दिन मोटरसाइकल, साइकल, गाडी दुर्घटनाग्रस्त भइरहेका छन् भने मानिसहरु चाहिँ बेहोस भइरहेका देखिन्छन् । यस्तै, सडकपेटि व्यवस्थित नभएको, साइडमा बालुवा, ढुंगाहरु इत्रतत्र छरिएका छन् जुन हावा चल्दा आँखामा सोको कणहरु पर्ने गरेका छन् । त्यस्तै, सडक छेउमा रुखहरु नभएका र फराकिलो अलकत्रे सडक रहेकाले त्यस्तो क्षेत्रमा झन् बढी गर्मीको अनुभूति भई दुर्घटना भइरहेको देखिन्छ । अतः दिउँसो बाहिर जाँदा, गाडी चलाउँदा बढी सावधानी अपनाउनुपर्ने देखिन्छ ।

लू लाग्दा बिरामीको शारीरिक तापक्रम एकदमै बढी हुने भई बेहोस हुन्छ । यस्तो अवस्थामा शरीरका विभिन्न अंगहरु फेल हुने सम्भावना प्रबल हुन्छ । लू लाग्दा यसका लक्षण चिन्हहरुमा टाउको दुख्ने, बान्ता हुने, पेटका मांसपेशीहरु दुख्ने, मुख सुक्खा हुने, अनुहार रातो फुस्रो हुने, शरीरको तापक्रम १०५ डिग्री भन्दा पनि बढी हुने, शरीरका रौँहरु खडा हुने, शरीर काम्ने, शरीरका मांसपेशी कडा हुने, नाडी छाम्दा तापक्रमको तुलनामा बढी हुने, बिरामी मुर्च्छित हुने गर्दछ । लू लागेको बिरामीलाई समयमै प्राथमिक उपचार नगरिए बिरामीको मृत्यु हुन सक्छ । अतः बिरामीलाई अविलम्ब छहारी र शीतल स्थानमा राख्नुपर्दछ । बिरामीको शरीरको कपडा फुकाली दिनुपर्दछ । शरीरलाई चिसो कपडाले ढाक्ने, अनि चिसो पानीले कपडा शरीरलाई भिजाउने गर्नुपर्दछ । यदि अर्धबेहोसी अवस्थामा भए बिरामीलाई भूइँमा बसाएर कुममा अडेस दिई आराम गराउनु पर्दछ । पर्याप्त पानी, फलफूलका जुस, कोल्ड ड्रिङ्क्स खुवाउन सकिन्छ । तापक्रम घटाउनका लागि भनेर पारासिटामोल दिनुहुँदैन नत्र भने यसले झन् खराबी गर्न सक्छ । शरीरलाई काम्नबाट रोक्न तथा रक्तसञ्चार सुचारु राख्नका लागि थप औषधोपचारका लागि अविलम्ब अस्पताल लग्नुपर्दछ ।

लू लाग्नबाट बचावका लागि निम्न उपायहरु अपनाउनु उत्तम हुन्छ । दिउँसो बढी घाममा काम गर्नु हुन्न । टाउको, शरीरलाई कपडाले ढाकेर राख्नु पर्दछ । कपडा लगाउँदा पातलो, हलुका, नरम र सकभर सेतो लाउनु पर्दछ । जसले प्रकाशलाई परावर्तन गरी कम गर्मी अनुभव होस् । सकभर बाहिर निस्कँदा छाताको प्रयोग गर्नुपर्दछ । लिभर (कलेजो) कमजोर भएका मानिसहरु त झन् बढी घाम, गर्मीबाट टाढा रहनु पर्दछ । बारी, नगर, सडक किनार, घर वरिपरि बोटविरुवा, रुखहरु रोप्नुपर्दछ । घरका झ्यालहरुमा पर्दा लगाउनुपर्दछ । घर बनाउँदा क्रस भेन्टिलेटर (सम्वातन) को व्यवस्था गर्नुपर्दछ । आफ्नो गाउँ, शहरलाई 'ग्रिन भिलेज–सिटीः हरियाली गाउँ–शहर' निर्माणका लागि वडा, गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिकामा सम्वद्ध वडाध्यक्ष, सचिव, मेयर, हाकिमहरुको ध्यानाकर्षण गर्नुपर्दछ । त्यस्तै, विधायक, सांसद, वनमन्त्रीलाई 'हरियो वन, नेपालको धन' भन्ने नारालाई किताबी ज्ञान भन्दा वास्तविकतातर्फ जोड्न पहल गरिनु पर्दछ । लू लाग्दा यसको रोकथाम, प्राथमिक उपचार सम्बन्धमा जागरुकता फैलाउनका लागि प्रत्येक स्कुल, क्याम्पस, गाउँ, टोलहरुमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनु पर्दछ । सकभर बढी भन्दा बढी पानीको सेवन गर्नुपर्दछ । गाउँ नगरहरुमा पोखरीको संख्या बढाउन ध्यान दिनुपर्दछ । यस्तै खानेपानीको पर्याप्त सुविधा हरेक गाउँटोलमा पुर्याउन सक्नु पर्दछ ।

# जनकपुरधामका मठमन्दिर र यसको व्यवस्थापकीय चुनौति



वीरेन्द्र रमण

*जनकपुरधाम र यहाँका मठ–मन्दिरको ऐतिहासिक एवं पौराणिक महत्व बारे विभिन्न धार्मिक ग्रन्थहरू एवं सन्त साहित्यमा विशेषरुपले उल्लेख भएको पाइन्छ । अधिकांश मठ–मन्दिरहरुको उद्गम वैष्णव सन्तहरुको साधना स्थलको रुपमा भई कालक्रममा विकसित हुँदै वर्तमान स्वरूप प्राप्त गर्न सकेको देखिन्छ । आधुनिक जनकपुरको निर्माणमा वैष्णव सन्तहरुको अतुलनीय योगदान रहेको तथ्यलाई नकार्न सकिँदैन । आधुनिक जनकपुरको निर्माण गर्नको लागि समेत साधुहरु आफनो पसीना बगाएका छन । आज जनकपुरको रहेक चौकमा रहेको मठमन्दिरहरुको ईतिहास हेर्दा समेत निकै प्राचीन रहेको छ । जसले जनकपुरको एतिहासिकतालाई अवलमबन गरेको देखिन्छ ।*

जनकपुरधाम प्राचीन मिथिलाको राजधानी रहेको छ । सीताको जन्म भुमि भएको कारणले विश्वभरिका हिन्दूहरुको आस्थाको केन्द्रको रुपमा रहेको छ । अहिलेको आधुनिक जनकपुरको निर्माणसँगै जनकपुरका साधु सन्तहरु आएर भजन किर्तन गर्न थालेपछि जनकपुर धार्मिक नगरीको रुपमा विकास भएको छ । जनकपुरधाम सन्तहरुले विभिन्न स्थानहरुमा आफनो मन्दिरहरुको निर्माण गरेर भजन किर्तन गर्न थालेका छन । यो सहर पूर्व ऐतिहासिक मैथिली सभ्यताको केन्द्रविन्दुको रूपमा रहेको छ । तपस्वीहरू, पण्डितहरू र स्थानीय गीतहरूबाट प्राप्त विवरणले हालको जनकपुर क्षेत्रको स्थापना १८औँ शताब्दीको प्रारम्भमा भएको देखाउँछ । जो आधुनिक जनकपुरको रुपमा विस्तार भएको मानिन्छ । तीर्थस्थलको रूपमा जनकपुरको सबैभन्दा प्रारम्भिक वर्णन सन् १८०५ मा गरिएको थियो । राजा जनकको दरबार विदेह राज्यको राजधानी मानिएको प्राचीन जनकपुरमा रहेको मानिन्छ । रामायणका अनुसार जनकले खेतमा हलो जोत्ने क्रममा एक बालिकालाई भेट्टाए जसलाई सीता नामकरण गरेर उनलाई आफ्नो छोरीको रूपमा हुर्काएका थिए । सीता ठूली भएपछि जनकले एक हजार वर्ष पहिले जनकपुर नजिकै छोडेको शिवको धनुष उठाउन सक्ने जो कोहीसँग सीताको विवाह गर्ने प्रस्ताव राखेपछि विभिन्न राज्यका राजकुमारहरूले सो धनुष उठाउने प्रयास गरे तर अयोध्याका राजकुमार रामले मात्र धनुष उठाउन सफल भएका थिए । मिथिला क्षेत्रका पुरानो गीत अनुसार यो धनुष जनकपुरको उत्तरपूर्वमा भेटिएको थियो ।



हिन्दू धर्ममा राम र सीता दुवै प्रमुख व्यक्तित्व भएकोले जनकपुर हिन्दूहरूको लागि महत्वपूर्ण तीर्थस्थल हो । जनकपुरधामको अर्को विशेषता यहाँ रहेका पोखरी तथा कुण्डहरू हुन् । यहाँ कुटीहरू पनि प्रशस्तै रहेका छन् । पोखरीहरूको कारण जनकपुरको माछा नेपालमै प्रख्यात । एक सन्त कविले मिथिलाको पवित्र नगरीलाई आफ्नो कवितामा यसरी अभिव्यक्त गरेका थिए– बावन कुटी, बहत्तर कुण्डा । फिरही सन्तजन झुण्डही झुण्डा । यसको अर्थ ५२ कुटी (मठ तथा मन्दिर) र ७२ वटा (कुण्ड पोखरी, कुवा, इनार) भएको यस पवित्र भूमिमा झुण्डका झुण्ड साधुसन्तहरू भ्रमण गरिरहेका छन् । यसले समेत जनकपुरमा साधु सन्तहरुको निकै विस्तार भएको मानिन्छ साधु सन्तहरु आराधना गर्नको लागि जनकपुर आस्थाको रुपका विकास भएको छ । अहिलेपनि हरेक चौकहरुमा पांच वटा भन्दा बढि मठमन्दिरहरु रहेको पाइन्छ । जो कुनै जाति वा कुनै व्यक्रि वा कुनैको निजि रुपमा समेत रहेको पाइन्छ । त्यसकारणले आधुनिक जनकपुरको विकासमा साधुहरुको योगदान समेत निकै महत्वपुर्ण रुपमा रहेको पाइन्छ ।

जनकपुरधाममठ मन्दिरहरूको संख्या, प्रकृति, तिनको ऐतिहासिक एवम् पौराणिक महत्व, स्थापत्य सौन्दर्य (वास्तुशैली) पर्यटकीय दृष्टिले तिनको महत्व आदि बारे संक्षिप्त चर्चा गर्नु बान्छनीय देखिन्छ । जनकपुरधाममा रहेको रहेक मठमन्दिरहरुको आफनै विशेषता रहेको छ । मन्दिरको निर्माण शैली एकै खालको रहेपनि मन्दिरको स्वभामित्व भने फरक फरक रुपमा रहेको पाइन्छ । अर्थात कुनै गुठी संस्थानको अधिनस्त रहेको छ भने कुनै मन्दिरहरु जातिय संरचनाहरु अनुसार समेत चल्दै आएको छ । अर्को तर्फ केही मठमन्दिरहरु निजि रुपमा समेत संचालन हुँदै आएको छ ।

तत्कालीन बृहत्तर जनकपुरक्षेत्र विकास समितिले २०५२ सालमा गराएको सर्वेक्षण अनुसार जनकपुर नगरपालिकाभित्र साना–ठूला गरी कूल १०६ मठ–मन्दिर एवम् कुटीहरू रहेको उल्लेख भएको पाईन्छ । त्यस्तै प्रसिद्ध नाटककार महेन्द्र मलंगियाद्वारा लिखित 'मैं जनकपुर हैं' पुस्तिकामा त्यो संख्या १०४ रहेको छ । अहिले पनि कतिपय मन्दिरहरू निर्माणाधीन अवस्थामा रहेका छन् भने विगतमा भएका कतिपय मठ–मन्दिर एवं कुटीहरूको अस्तित्वसमेत मेटिसकेको छ । समग्रमा तिनको संख्या हाल १०० भन्दा बढी रहेको यकिन गर्न सकिन्छ ।

यहाँका मठमन्दिरहरूको स्थापना, निर्माण, विभिन्न समयमा विभिन्न रूपमा भएको ऐतिहासिक तथ्यहरू छन् । कुनै मठ–मन्दिर विगत कालमा साधु सन्तहरूबाट आफ्नो आराधना, ध्यान, पूजा पाठ गर्न स्थापित गरिएको देखिन्छ भने कुनै व्यक्ति विशेषको धार्मिक कृत्यको रूपमा निर्माण भएका छन् । केही जाति/गाउँ विशेषको सकृयता, चन्दा, दान दातव्यबाट पनि स्थापित गरिएका छन् । कालक्रममा यी मठ– मन्दिरहरूको भौतिक स्वरूपमा विभिन्न दाताहरूको सदाशयताबाट व्यापक सुधार, विकास र परिवर्तन पनि भएको छ । वर्तमान समयमा कतिपय मठ–मन्दिर गुठी संस्थानका मातहतमा रहेका छन् भने कतिपय नागरिक समाजको सहभागितामा सन्चालित र प्रबन्धित छन् ।

जनकपुरधाम र यहाँका मठ–मन्दिरको ऐतिहासिक एवं पौराणिक महत्व बारे विभिन्न धार्मिक ग्रन्थहरू एवं सन्त साहित्यमा विशेषरूपले उल्लेख भएको पाइन्छ । अधिकांश मठ–मन्दिरहरूको उद्गम वैष्णव सन्तहरूको साधना स्थलको रूपमा भई कालक्रममा विकसित हुँदै वर्तमान स्वरूप प्राप्त गर्न सकेको देखिन्छ । आधुनिक जनकपुरको निर्माणमा वैष्णव सन्तहरूको अतुलनीय योगदान रहेको तथ्यलाई नकार्न सकिँदैन । आधुनिक जनकपुरको निर्माण गर्नको लागि समेत साधुहरु आफनो पसीना बगाएका छन । आज जनकपुरको रहेक चौकमा रहेको मठमन्दिरहरुको ईतिहास हेर्दा समेत निकै प्राचीन रहेको छ । जसले जनकपुरको एतिहासिकतालाई अवलमबन गरेको देखिन्छ । त्यसकारणले जनकपुरधाम जो अहिलेको वर्तमान स्वरुप छन ती स्वरुपको विकास एतिहासिक रुपमा साधुहरुको योगदानमा नै आधरित रहेको छ भन्दा अतिशियोक्रि नहोला ।

महात्मा सुर किशोर दासद्वारा स्थापित जनकपुरको जानकी मन्दिर जसमा उहाँद्वारा प्राप्त र प्रतिष्ठापित राम जानकीको अष्टधातुको प्रतिमा रामजानकी कै अन्य प्रतिमाहरूसँगै विशाल एवम् आकर्षक सिंहासनमा विराजमान छन्, को वर्तमान भव्य स्वरूप टिकमगढ़ (भारत) का राजा प्रतापसिंह र रानी वृषभानु कुवंरीको भक्तिभावको अनुपम प्रतीकको रूपमा रहेको छ । यो मन्दिर नेपालको सर्वाधिक भव्य र विशाल मन्दिरको रूपमा प्रतिष्ठित रहेको छ । यसको निर्माण कार्य सन् १९११ (वि.सं. १९६८) मा सम्पन्न भएको थियो । मुगल शैलीमा निर्मित दुई तले यस मन्दिरका आकर्षक खण्डहरूमा 'शीश महल' र 'तहखाना' रहेका छन् । यस मन्दिरको आन्तरिक श्रृंगार मण्डप, कोठा आदि हिन्दु वास्तु ढाँचामा निर्मित छन् । यसै मन्दिरको प्राङ्गणमा पश्चिमपट्टि सुनयना जनकको मन्दिर अवस्थित छ जसमा सीताराम, लक्ष्मण, जनक सपरिवारका मूर्तिहरू, गणेश र शालिग्राम प्रतिष्ठापित छन् । मन्दिरको उत्तरपट्टि एउटा ठूलो विवाह मण्डपको निर्माण पैगोडा शैलीमा भएको छ जुन अत्यन्त आकर्षक र दर्शनीय छ । जानकी मन्दिर नजिकै रहेको अर्को महत्वपूर्ण लक्ष्मण मन्दिर छ जसको निर्माण गुम्बज शैलीमा भएको छ ।

जनकपुरको दोश्रो प्रमुख मन्दिर राम मन्दिर जसको स्थापना सन्यासी चर्तुभुज गिरीद्वारा गरिएको अभिमत छ, को निर्माण वि.सं. १८३९ मा श्री ५ रण बहादुर शाहको समयमा जनरल अमरसिंह बापाद्वारा भएको एवं संवत १९८४ मा चन्द्र शम्शेरद्वारा यसको छानालाई स्वर्ण मंडित गरिएको इतिहास छ । यस मन्दिरको निर्माण पैगोडा शैलीमा भएको छ । यसभित्र प्राचीन राम पंचायतन मूर्ति, लक्ष्मी नारायण एवम् दशावतारका मूर्तिहरू दर्शनीय छन् । यस मन्दिरको महन्त र पुजारी सन्यासी हुने विशिष्ट परम्परा रहेको छ । राम मन्दिरको उत्तरपट्टि राजदेवीको मन्दिर अवस्थित छ । यिनलाई राजा जनकको कूल देवीको रूपमा पुजिन्छ । हालका वर्षहरूमा वडा दशैको अवसरमा यस मन्दिरलाई स्थानीय महावीर युवा कमिटी र राम युवा कमिटीको सक्रियतामा विशेष रूपले सिंगारिएको हुन्छ जसबाट यसप्रतिको आकर्षण तीव्र रूपमा बढेको छ । महाअष्ठमीको राति यहाँ 'बलि प्रदान'को प्रवा धेरै अगाडिदेखि नै रहेको छ ।

जनकपुरको हृदयस्थलीको रूपमा रहेको जनकचौकमा अवस्थित जनक मन्दिर आकार प्रकारमा सानो भएपनि निकै ऐतिहासिकता र पौराणिकता संगालेको छ । जनरल अमर सिंह बापाद्वारा वि.सं. १८३९ मा निर्मित यस मन्दिरको पुनरनिर्माण १९३४ ई. को भूकम्पपछि गरिएको छ । यस मन्दिरमा जनकको खण्डित मूर्ति (मस्तकविहीन) को पूजा गर्ने गरिन्छ । साथै मन्दिरमा अन्य मूर्तिहरू र कलाकृतिहरू संरक्षित रहेका छन् । वि.सं. २००० मा निर्मित संकटमोचन हनुमान मन्दिर पनि श्रद्धालुहरूको आकर्षणको प्रमुख केन्द्रको रूपमा रहेको छ । प्रत्येक मंगलवार र शनिवार यहाँ ठूलो घुईचो हेर्न सकिन्छ । महाराज सागरको पश्चिमी डीलमा अवस्थित महाराज दशरथका मन्दिरको आफ्नो विशिष्ट गरिमा रहेको छ । खासगरी गंगा दशहाको दिन यहाँ दर्शनार्थीहरूको अपार भिड लाग्ने गर्दछ । जनकपुरका तुलनात्मक रूपले अन्य पुराना मठ मन्दिरहरूमा रत्नसागर मन्दिर, कृपेश्वरनाथ महादेव मन्दिर, रानी पाटी मन्दिर (स्वा. वि.सं. १९३४), हनुमान ढोका, रसिक निवास मन्दिर, दुलहा–दुलहीन मन्दिर (रामानन्द आश्रम (स्था. वि.सं. २००६ साकेत विहारी मन्दिर (मौनीबाबाको स्थान), मनोकामना सिद्ध हनुमान मन्दिर (बसस्टैण्ड नजिक), तोतादिं मठ आदि रहेका छन् । हालका वर्षहरूमा पनि कतिपय मठमन्दिरहरूको निर्माण भएको देखिन्छ, जसमा शिव मन्दिर (शिवचौक) शिव मन्दिर (महाराज सागरको दक्षिण पूर्वको डिल), हनुमत दरबार, गणेश मन्दिर (रामचौक) आदि प्रमुख रहेका छन् । यी प्रमुख मठ मन्दिरका अतिरिक्त जनकपुरमा स्थापित कुटीहरू पनि संख्यात्मक हिसावले उल्लेख्य र महत्वपूर्ण रहेका छन् । जनकपुरधाममा रहेको मठमन्दिरहरुको संचालनको लागि कहिलेपनि विभिन्न निकायहरु गम्भीर देखिएन । जसकारणले मठमन्दिरहा सम्पतीहरु नसिकने क्रम समेत बढेको देखिन्छ । राज्यको निकायहरु यसको संचालन प्रति गम्भीर नेदेखिएको कारणले गर्दा कतिपय मठमन्दिरहरु समाप्त भएका छन भने कपिय मठमन्दिरहरु जिर्ण भएर समाप्त हुने अवस्थामा पुगेको छ । मठमन्दिरको संचालनमा व्यवस्थापकिय चुनौतीहरु देखिएका छन । जसको विषयमा कुनैपनि निकाय गम्भीर देखिएन । जनकपुरधामको आधुनिक स्वरुपलाई मठमन्दिरले झनै मर्यादित बनाएको छ । जनकपुरधाममा रहेको मठमन्दिरहरुलाई संरक्षण गर्न तर्फ प्रदेश सरकारको ध्यान जानुपर्ने आवश्यकता रहेको छ । स्थानिय तहले समेत मठमन्दिरहरुको व्यवथापकिय सुधारको लागि अग्रसरता देखाउनुपर्ने आवश्यकता रहेको छ । त्यो भएको खण्डमा जनकपुरधाममा पर्यटकीय विकास भएर जनकपुर धार्मिक नगरी सहित सुन्दर नगरीको रुपमा रुपान्तरण हुनेछ ।जनकपुरका मठमन्दिरहरुको सम्पतिहरुलाई जसरी भुमाफियाहरुले कब्जा गरिरहेका छन त्यसलाई संरक्षण गरेर त्यसमा धार्मिक उदयानहरुको निर्माण गरेर पर्यटकहरुको लागि आकर्षित बनाउन सकिन्छ ।

सन्दर्भ स्रोत

१.विकिपिडिया

२.जनकपुरधामका मठमन्दिरहरुःवृहत्तर जनकपुर क्षेत्र विकास परिषद

३.जनकपुरका मठमन्दिरहरुके वर्तमान अवस्था र त्यसको संरक्षणका उपायहरुःडा.शैलेन्द्र लाभ कर्ण

# ‘मिलिनियम ट्रेक’लाई नियाल्दा



सागर श्रेष्ठ

पहाडको प्राकृतिक छटा, लेकबस्तीको आत्मनिर्भर अर्थतन्त्र, मौलिक उत्पादनमा आश्रितहरुको कथा चिनाउने माध्यम बनेको ‘मिलिनियम ट्रेक’ अर्थात् सहस्राब्दी पदयात्रा अहिले धेरैको रोजाइमा पर्न थालेको छ । तनहुँको दुलेगौँडाबाट स्याङ्जाको रामबाछा जोड्ने ७२ किलोमिटर लामो पदयात्रामा गुरुङ र मगरको संस्कृतिसँगै विभिन्न विभिन्न इतिहास, परम्परा, गाउँले जीवनशैलीका साथै भूगोल जान्ने अवसर पनि हो । पदयात्राका क्रममा लाहुरबाट फर्किएर डाँडामा जीवन बिताइरहेका बुढापाकाहरु र रोजगारीको खोजीमा युवाहरु सहर र विदेश पुग्दा रित्तिएका गाउँ बस्तीका कथा पनि सुन्न पाइन्छ । ‘पानी र जवानी पहाडमा टिक्दैन’ भनेझैँ पहाडमा युवाहरुको संख्या घट्दो देखिन्छ । यद्यपि देशमै केही गर्छु भनी वैदेशिक रोजगारबाट फर्केका युवाहरु कतैकतै भेटिन्छन् पनि । यो पदमार्ग नेपालको ग्रामीण समाजको सभ्यताको चिनारी बुझ्नका लागि र प्राकृतिक एवम् सांस्कृतिक सुन्दरतामा रमाउनका लागि उपयुक्त गन्तव्य हो भन्न सकिन्छ । देशभित्र र विदेशमा यस पदमार्ग गुरुङ तथा मगर संस्कृति बुझ्नका साथै मध्यनेपालका पहाडको प्राकृतिक सुन्दरतामा रमाउनका लागि उपयुक्त विकल्पका रुपमा प्रचारप्रचार पनि भइरहेको छ । यस पदमार्गमा यात्राका क्रममा कान्जिरोवा, धौलागिरि, अन्नपूर्ण, मनास्लु र गणेश हिमशिखरलगायत विभिन्न पर्वतहरुको अवलोकन गर्न सकिन्छ । करिब चार सय मिटरदेखि एक हजार आठ सय मिटरसम्मको उचाइमा पर्ने यो पदमार्ग अत्यन्तै सुमधुर पदमार्गमा पर्दछ । हिन्दू, बौद्ध र बोन धर्महरुको अभ्यास र प्रचलनलाई नजिकसँग बुझ्ने मौकासमेत यस यात्राका क्रममा गर्न पाइन्छ । पदमार्गको अधिकांश हिस्सा विकट स्थानबाट गुज्रिए पनि कहीँकतै मोटर गुड्ने बाटो पनि भेटिने हुनाले आकस्मिक परिस्थितिका लागि पनि गाडीको सहजै व्यवस्थापन गर्न सकिन्छ । पदयात्रामा १० वर्षे जनयुद्धका क्रममा मुलुकले भागेको घटनाक्रम पनि बुझ्न सकिन्छ । साथै, राजनीतिक विकासक्रमलाई बुझ्न पनि यो पदमार्ग गन्तव्य बन्न सक्छ । पाका पुरानाहरुबाट तत्कालीन समयमा भीडन्तका कथाहरु सुन्न पाइन्छ । त्यति मात्रै होइन, स्याङ्जास्थित माझकोट मनकामनाबाट देखिने मनमोहक दृश्यले सबैको मन लोभ्याउँछ । सङ्घीयतापछि तीनवटै तहका सरकारले गरेको विकासलाई नजिकबाट नियाल्न सकिन्छ । पूर्वाधार विकासमा भएको लगानीबाट बनेका मोटर गुड्ने बाटो, लिफ्टिङ प्रविधिमार्फत पानीको आपूर्ति र २४ औँ घण्टाको विद्युत् आपूर्तिका कारण गाउँमा पुगेको सुविधाले आएको परिवर्तनबारे जानकारी लिन पाइन्छ । पदमार्गमा झरना, खोला, गुफा, मन्दिर एवम् विभिन्न भ्यू प्वाइन्टलगायतका आकर्षक पर्यटकीय गन्तव्यले थकाइ महसुस गर्न दिँदैनन् । मिलिनियम ट्रेककै नाममा नामाकरण गरिएको मिलिनियम गुफा, कैलाश गुफाजस्ता साना ठूला रमणीय गुफाहरु पदमार्गमै पर्छन् । बाइसे र चौबीसे राज्य हुँदाका दरबार र कोट तथा किल्लाका भग्नावशेष पनि पदमार्गमा अवलोकन गर्न पाइन्छ । नेपालको आधुनिक इतिहास खण्डमा नै बाइसे–चौबीसे राज्यकाबीच हुने निरन्तर युद्ध र आक्रमणका कारण यी क्षेत्रका डाँडामा धेरै दरबार तथा किल्ला बनाइएका थिए । आज ती दरबार, कोट र किल्ला सबै यस पदमार्गबीच ऐतिहासिक धरोहरको आकर्षणको भएर ठडिएको छ । यी ऐतिहासिक र पुरातात्विक महत्वका यी भग्नावशेषलाई स्थानीयवासीको जोडबलमा संरक्षण गरिँदै आएको छ ।

पदमार्गमा लोभ्याउने यस्तै ऐतिहासिक दरबार हो भीरकोट दरबार । नेपालको आधुनिक इतिहासमै सफल कुटनीतिज्ञ मानिने ऋषिकेश शाहसँग जोडिएको यस भीरकोट दरबारको भग्नावशेषहरु आज पनि देख्न सकिन्छ । राज्यरजौटा उन्मूलन हुनुपूर्व राजकाज नै सम्हालेका हुनाले यस ठाउँका बासिन्दा विशेष आत्मीयता राख्छन् । माथिल्लो किल्लाबाट स्थानान्तरण गरी तल्लो फाँटमा लगेर शाहले नयाँ दरबार निर्माण गरेको भन्ने तथ्य स्थानीयहरुले भन्न छुटाउँदैनन् ।

हरिया पहाडको अत्यन्तै मनमोहक दृश्यावलोकन गर्न पाउनु यो पदमार्गको विशेषता नै हो । पदमार्गका कैयौँ ठाउँमा चट्टानैचट्टानले बनेका भीरहरु देख्दा जो कोहीको आङ जिरिङ हुन्छ । साहसिक पर्यटकका लागि गरिने प्याराग्लाइडिङ, क्यानोनिङ र रक क्लाइम्बिङ जस्ता गतिविधि पनि पदमात्रामा प्रशस्तै भेटिन्छन् । हाल व्यावसायिक रुपमा यस्ता गतिविधि नभए पनि साहसिक पर्यटन पारखीहरु भने ठाउँ ठाउँमा रमाइरहेको देख्न सकिन्छ ।

भीरकोटको कोखे झरना र भीरकोटकै केगा देउरालीबाट हुने प्याराग्लाइडिङजस्ता साहसिक पर्यटकीय गतिविधिमा रम्न सकिने स्थानका रुपमा विकास हुँदै गइरहेको देखिन्छ । यस क्षेत्रमा चाँडै नै यसले व्यावसायिक रुप लिन सक्ने पनि देखिन्छ । पदमार्गमा साइकलिङ तथा मोटरबाइक एडभेञ्चरका लागिसमेत उपयोगी छ । केही वर्ष पहिले पनि यस पदमार्गमा साइक्लिङ प्रतियोगितासमेत गरिएको थियो । त्यसैले पनि नेपाल आउने विदेशी पर्यटकमाझ पदमार्गमा यात्रासँगै साहसिक गतिविधिमा समेत संलग्न गराउन सकिने यथेष्ट सम्भाव्यता छ ।

यो पदमार्ग चरा अवलोकनका लागि उच्च कोटीमा पर्दछ । त्यसो त सबै खाले पदमार्ग बर्ड बाचिङ्गका लागि अत्यन्तै उपयुक्त भए पनि तनहुँको रायपुरबाट सुरु हुने चरा अवलोकन क्षेत्र विशेष मानिन्छ । स्याङ्जाको भैँसैगौडा र चन्द्रकोट पनि चरा अवलोकनका लागि उपयुक्त थलो मानिन्छ । एक हजार चार सयदेखि एक हजार आठसय मिटरसम्मको उचाईमा रहेका टाकुरामा समेत चराचुरुङ्गीको चिरबिर, लोभलाग्दो रङ र आकार नजिकैबाट देख्दा जोकोही मन्त्रमुग्ध नै हुने गर्दछन् । पदमार्गको अर्को आकर्षण हो, होमस्टे ट्रेक । यस पदमार्गमा प्रायः गुरुङ र मगर समुदायको बसोबास रहेको छ । स्याङ्जा नेपालको ग्रामीण पर्यटन तथा होमस्टे सुरुआत गर्ने अग्रणी जिल्लामा परिचित छ । यही घरवास पर्यटनअर्थात होमस्टे यस पदमार्गको सबैभन्दा महत्वपूर्ण पक्ष हो । विशुद्ध गुरुङ तथा मगर बासस्थानमा पाउने आतिथ्यताले पदयात्रालाई विशेष बनाउँछ । प्रायः विदेशी यही संस्कृति र जीवनशैलीमा रम्नकै लागि यस पदमार्गमा आउँछन् । स्थानीय अग्र्यानिक उत्पादनबाटै पर्यटकलाई खानपान गराइन्छ । स्वदेशी होस् या विदेशी यस प्रकारको स्वच्छ अन्न खान पाउँदा खुसी नै हुन्छन् । पदमार्गमा पर्ने चन्द्रकोट होमस्टे र साँधखोला होमस्टेमा देखाइने विभिन्न सांस्कृतिक नृत्यु र गीतले पदयात्राको थकान मेटाउँछ । सोराठी, घाँटु नाच, सालै जो, झ्याउरे, झोर्रा नाच, कौडा नृत्य तथा कृष्ण चरित्रजस्ता संस्कृतिलाई यो ‘मिलिनियम ट्रेक’मार्फत नजिकैबाट अवलोकन र अनुभव गर्न सकिन्छ । स्याङ्जाको कोल्माकोट र भैसेगौडा तथा सुन्तलाबारी–गहतेजस्ता स्थलमा मिलिनियम ट्रेक पदयात्रामार्फत आउने पर्यटकका साथै स्थानीयहरु पनि राम्रो उपस्थिति हुने गरेको पाइछ । यसको ज्वलन्त उद्दाहरण हो स्याङ्गजाको कोल्माकोट । यहाँ व्यावसायिक रुपमा पर्यटकीय गतिविधि फस्टाउँदै गएकाले निजी तवरबाट आधुनिक तथा सुविधायुक्त लज तथा होटलमा समेत लगानी भएको छ । पदयात्रीलाई लक्षित गरी स्याङ्गजाकै भैँसेगौडामा सामुदायिक होमस्टे भवन बनाएर अत्याधुनिक लज सरह सुविधायुक्त बासको दिइरहेको पाइन्छ । पदमार्गको विभिन्न स्थलमा विकट गाउँदेखि आधुनिक सुविधायुक्त घरबासको व्यवस्था छ ।



नेपालभित्रको मध्यपहाडी पदयात्राका रुपमा विकसित यस ट्रेकले सामुदायिक स्तरमा सकारात्मक प्रभाव छाड्न सफल भएको छ । पदमार्गका विभिन्न गाउँहरु पर्दछन् । मिलिनियम ट्रेकसँग आवद्ध भएसँगै व्यापार र आयस्रोतको बाटो मात्र खुलेको छैन, यसले स्थानीयवासीमा सरसफाइमा ध्यान दिने, पाककला तथा शैलीमा रुपान्तरण गर्ने र विदेशी भाषा समेत सिक्ने मौका पाएका छन् । मिलिनियम ट्रेकसँग जोडिएसँगै पर्यटकीय पूर्वाधार विकासका निम्ती स्थानीय सरकार र प्रदेश सरकारको समेत नजरमा पर्ने भएको हुनाले जनस्तरमा यस पदमार्गको प्रभाव निकै सकारात्मक परेको देखिन्छ ।

यसैगरी पदमार्ग भएर गुज्रने विभिन्न छहरा तथा झरनामा क्यानोनिङ र विभिन्न भीर र पाखाहरूमा रक क्लाइमिङजस्ता साहसिक पर्यटन गतिविधि समेत भइरहेको छ । प्याराग्लाइडिङ पनि यस ट्रेकमा पर्ने अर्को विशेषता हो । ढोरफिर्दी–माझकोट मनकामना ग्रामीण पर्यटन विकास समितिको सन् २००० मा राष्ट्रपति रामचन्द्र पौडेलले उद्घाटन गरिएपपछि यस पदमार्गको नामाकरण ‘मिलिनियम ट्रेक’ गरिएको हो । यस पदमार्गले सन् २०२५ मा रजत जयन्ती मनाउन लागेको छ । सशस्त्र युद्धकालको बीचमा सुरुआत भएको यो पदमागको प्रबद्र्धनमा त्यसपछिका दिनमा केही कम भएको समेत पाइन्छ । यद्यपि निरन्तरको प्रयास र दृढतामा जुझ्ने समुदायहरुले आजको दिनसम्म यस पदमार्गलाई सफल पार्न लागिपरेका छन् ।

विदेशी पल्टनबाट अवकाश लिएर फर्केका लाहुरे बादेखि वैदेशिक रोजगारको अनुभव बटुलेर गाउँमा नै केही गर्छु भन्ने युवाका लागि मिलिनियम ट्रेक विदेशी मुद्रा कमाउने अवसर बनेको छ । कूल ७२ किमी लामो यस पदमार्गले दिने मनमोहक अनुभव जीन्दगीभर यादगार रहने गरी छाप बसाउन सफल रहेको छ । पदमार्गले सरकारी र निजी दुवै स्तरबाट विश्व बजारमा सगरमाथा र अन्नपूर्ण पदमार्गको जस्तै बजारीकरणको अपेक्षा गरेको छ ।

# ‘भाग्यले ठगेको दिन सम्झन चाहन्नन् ऋषि’

**प्रेमनारायण आचार्य**

नौ वर्षअघिको कहालीलाग्दो घटना सम्झिँदा अर्घाखाँचीको भूमिकास्थान नगरपालिका–१ ढाकाबाङ्ग साम्ने गाउँका ऋषि खनाल अहिले पनि झस्किनुहुन्छ । जिन्दगीमा आफूमाथि ठूलो बज्रपात भएको र दैवले आफूलाई ठगेको दिनको सम्झना नआए पनि हुन्थ्यो भन्ने लाग्छ तर बेलाबेलामा झस्काइरहन्छ उहाँलाई ।

विदेश जाने भनेर घरबाट निस्कनुभएका उहाँ विदेश पुग्न त पाउनुभएन, झण्डै यस संसारबाटै सदाको लागि बिदा हुनुपरेको थियो । विदेशमा गएर धन कमाएर परिवारलाई सुखसँग पाल्ने उहाँको सपना त पूरा भएन नै । विदेश जान हिँडेकै कारण स्वदेशमै बसेर गरिखाने खुट्टा पनि गुमाउनुप¥यो । भाग्यले बाँचेका ऋषि अहिले आफू र परिवारलाई कसरी बचाउने भन्ने चिन्तामा हुनुहुन्छ । दुईवटा वैशाखीको भरमा उहाँको जिन्दगी चलिरहेको छ ।

विदेश जानका लागि उहाँ काठमाडौँ पुगिसक्नुभएको थियो । २०७२ वैशाख १४ गते उहाँको उडान थियो । हवाई टिकट र मेडिकल रिपोर्ट पनि आइसकेको थियो । दिउँसो नयाँबानेश्वरमा साथी भेट्ने योजना बनिसकेकाले बिहान होटलमा खाना खाएर बाहिर निस्कनै लाग्दा सिङ्गो घरै घुम्न थाल्यो । रिङ्गटा लागेर भाउन्न भएजस्तो भयो । खै के भएको हो कुरा नबुझ्दै उहाँ बस्नुभएको गोङ्गबु नयाँबसपार्कस्थित सयपत्री होटलको भवन गर्ल्याम्मै ढल्यो ।

अलिपछि थाहा पाउँदा ऋषि खनाललाई कुनै अँध्यारो गुफाभित्र बसेजस्तो भयो । अनि देब्रे खुट्टा शरीरबाट छुट्टिएजस्तो लाग्यो । अँध्यारोमा छामछाम छुमछुम गर्दा छेवैमा कोही भेटिएजस्तो लाग्यो, तर बोली कसैको आएन । आफू बसेको होटल लडेको र आफू त्यसमै च्यापिएको उहाँलाई थाहा भयो । उहाँ सम्झनुहुन्छ, ‘सक्दो चिच्याए । तर अहँ कसैले सुनेन ।’ अवस्था सुन्ने खालको पनि त थिएन ।

वैशाख १२ गतेको भूकम्पमा गोङ्गबु क्षेत्रमा धेरै घर भत्किएका थिए । अवस्था कस्तो थियो भने उहाँ होसमा आएको केही घण्टामा मोबाइल बज्यो तर मोबाइल झिक्र हात गोजीसम्म पु¥याउन सक्ने अवस्था नै थिएन । भोक प्यासको कुनै सीमा नै थिएन । बाँच्नका लागि हरसम्भव उपाय गर्दा पनि कुनै विकल्प थिएन । मर्नुभन्दा बौलाउनु निको भनेझैँ उहाँले कतिपटक त आफ्नै पिसाब पिएर पनि प्यास मेट्नुप¥यो ।

जतिबेला होसमा आउनुभएको थियो, त्यसपछि बाहिर निस्कन अनेक कोसिस गर्दा सम्भव थिएन । विस्तारै केही आवाज आएजस्तो सुनिन्थ्यो । अब त बाँचिन्छ कि भन्ने आश पलाउँथ्यो, उहाँ गुहार माग्दै चिच्याउनुहुन्थ्यो तर बाहिर कसैले सुन्न सक्ने अवस्था थिएन । पछि थाहा भयो, त्यो आवाज घर भत्काउन आएको डोजरको थियो । डोजरको आवाज सुन्दा पनि उहाँलाई भगवान् आएजस्तो लाग्थ्यो ।

दिनरात कुनै याद भएन । उहाँको अनुमानमा दुई दिनपछि केही शव गन्हाउन थालेका थिए । तर विस्तारै नाकले गन्ध पनि खुट्याउन छोडेको थियो । बेलाबेलामा त दिमागले पनि काम नगरेजस्तो भयो । पुरिएका बेला सबैभन्दा धेरै याद आमा र छोराको आएको उहाँ बताउनुहुन्छ । पुरिएको तीन दिनसम्म पनि आफ्नो उद्धार गर्न आउने मानिसको चाल नपाएपछि उहाँलाई बाँच्ने आश मरिसकेको थियो । उहाँलाई अब कोही उद्धार गर्न आउँछन् भन्ने पनि लाग्न छाडेको थियो ।

बेला–बेलामा आउने आवाजको पनि विश्वास लाग्न छाड्यो । शरीर पूरै सेतो भइसक्यो, छाम्दा पनि छाला नै आउँलाजस्तो लाग्थ्यो । ‘मानिस एकदिन मर्छ भन्ने सबैलाई थाहा छ । तर अब म मर्दैछु भन्ने अनुभूति हुँदा पनि केही गर्न नसक्दाको पीडा निकै कष्टदायी हुने रहेछ’, उहाँ भन्नुहुन्छ ।

तीन दिनपछि अचानक कतैबाट उज्यालोका किरण उहाँको आङसम्म परे । कस्तो अचम्म । अब मर्दैछु भनेर आशै मारिसकेको जीवनले नयाँ किरण देख्न पाउँलाजस्तो भयो । उहाँ सम्झनुहुन्छ, ‘म बोल्न सक्ने अवस्थामा थिइन । विस्तारै जीवनका किरण छिराएको त्यो प्वाल अलि ठूलो भयो । कोही बोल्यो, ‘ए ए यहाँ त कोही जिउँदै भेटिएला जस्तो छ । लाइट ल्याउ, लाइट ल्याउ, अक्सिजन ल्याउ’ आदि–आदि ।’

अलिबेरमा उहाँलाई एउटा पाइपबाट अक्सिजन आयो । अक्सिजन आउन थालेपछि खाना खाएजस्तो लागेको उहाँ सम्झनुहुन्छ । सशस्त्र प्रहरी र नेपाली सेनाले बनाएका प्वाल केहीबेरमा ठूलो भयो । कसैले उहाँको मुखसम्म पानी पु¥यायो । झण्डै ८२ घण्टासम्म घरभित्र च्यापिएर बसेको मानिस जसले केहीपल्ट आफ्नै पिसाब पियो उसको मुखमा पानी पर्दा कस्तो अनुभव हुँदो हो ? यसको केवल अनुमान मात्र गर्न सकिन्छ ।

वैशाख १२ गते पुरिनुभएका ऋषिको १६ गते उद्धार भएको थियो । ऋषिलाई बाहिरी दुनियाँमा आउँदा संसार जितेजस्तो लाग्यो । उहाँसँग बाँच्नको लागि पुग्दो आत्मबल थियो । उहाँ भन्नुहुन्छ, ‘खुट्टा नथिचिएको भए दाँतले कोट्याएर भए पनि म बाहिर निस्कन्थे होला ।’ ऋषिले राति १२ बजे घरमा फोन गरे । आमाको बोली सुन्दा आवाजै निस्केन । श्रीमतीसँगको फोन वार्तामा पनि मात्र सुकसुक निस्कियो ।



गोङ्गबुमा रहेको भूकम्पले भत्किएको सातत‌ले गेष्ट हाउसले च्यापिएका जीवितै उद्धार भएको विभिन्न सञ्चारमाध्यममा समाचार पनि बन्यो । सशस्त्र प्रहरी र फ्रान्सको खोजी तथा उद्धार टोलीको १० घण्टा लामो प्रयासपछि खनालको उद्धार गरेको थियो । अहिले उहाँलाई पुर्नजीवन पाएकामा खुसीको कुनै सीमा त छैन नै तर त्यसले मात्रै छाक टर्ने रहनेछ । अहिले बाँचनका लागि पनि उत्तिकै सङ्घर्ष गरिरहनुपरेको छ । अहिले आफूलाई दैनिक जीवन गुजारा कसरी गर्ने र आफ्नो छोरालाई कसरी पढाउने भन्ने चिन्ताले पिरोलिरहेको उहाँको भनाइ छ । कहिलेकाहीँ त उहाँलाई लाग्छ, ‘बरु उति नै बेला मरेको भए आजसम्म घरकाले पनि बिर्सन्थेहोलान् ।’

उपचारका लागि उहाँ पटक–पटक काठमाडौँ जानुपरेको थियो । उहाँको उपचारको क्रममा एउटा खुट्टा काटिएको छ । त्यतिबेला उपचार खर्च त सरकारले व्यहोरेको थियो तर काठमाडौँ आउजाउ, औषधि खर्च गर्दा रु पाँच लाखभन्दा बढी खर्च लागेको छ । विगत भुल्ने प्रयास गरे पनि ऋषिलाई भविष्यकै चिन्ता छ । उहाँलाई कुनै सीप सिकेर जीविकोपार्जन गर्न पाए हुन्थ्यो भन्ने लाग्दछ । काठमाडौँमा विभिन्न सङ्घसंस्थाले निःशुल्क सीपमूलक तालिम दिने बताएका थिए तर ती संस्थाले सम्पर्क नै गरेनन्, कसैको आश गर्नुभन्दा स्वावलम्बी भएर बाँच्ने इच्छा छ ऋषिको ।

काठमाडौँमा भाडा तिरेर बस्ने र बिहान बेलुका खाने स्रोतसमेत जुटाउन नसकेर आफूजस्तै साथीहरुले सीपमूलक तालिम लिन नसकेको उहाँले बताउनुभयो । “खानेबस्ने व्यवस्था गरिदिए भूकम्पमा परेर अङ्गभङ्ग भएकाहरुले सीप सिकेर केही काम गरेर खान सक्ने थियौँ”, उहाँ भन्नुहुन्छ । सरकारले अपाङ्गहरुलाई केही गरेर भए पनि ढुक्कसँग जीवन जिउने वातावरण मिलाइदिनुपर्ने उहाँको माग छ ।

उहाँलाई कतैबाट सहयोग त आएन नै, सामान्य प्रक्रियाबाट पाइने अपाङ्ग परिचयपत्रसमेत उहाँले अहिलेसम्म पाउनुभएको छैन । ‘अपाङ्ग परिचयपत्र पनि पाउन नसक्ने हामी कति अभागी । ‘क’ वर्गको परिचयपत्र भए रु चार हजार मासिक त आउने थियो त्यही पनि छैन । कसले हेर्छ र हामीलाई ? सरकार र विभिन्न सङ्घसंस्थाले सहयोग गर्छ भनेर भन्छ, खै त हामीलाई सहयोग गरेको ?’ आँखाभरि आँसु पार्दै उहाँले भन्नुभयो ।

उहाँका दुई छोरा गाउँको बाल शिक्षा माध्यमिक विद्यालयमा पढ्छन् । जेठो छोरा कक्षा ४ मा र सानो छोरा बाल शिक्षा पढ्दैछन् । ‘मेरो बारेमा प्रचार सामग्री बनाएर धेरैले लाखौँ आम्दानी गरेका छन्’, आफ्नो दुःखकष्ट बेचेर धेरै जना लखपति भए पनि आफूलाई कसैले पनि सहयोग नगरेको ऋषिको गुनासो छ । उहाँले भन्नुभयो, ‘भेटेको बेला सबैले सहयोग गर्छौं भन्छन् तर कसैले गर्दैनन् । गाउँमा बसेको छु विदेश पनि जान सकिन । गोरखा भूकम्पले मेरो जीवन अधकल्चो पार्‍यो ।’

## मनोरञ्जन क्षेत्रमा – न तलब पाइन्छ, न सम्मान

**काठमाडौँ ।**
रामेछापकी डोमा तामाङ केही वर्षअघि रोजगारीको खोजीमा काठमाडौँ आइन् । देशको राजधानी भएकाले सजिलै जागीर पाइएला भनेर यहाँ आएकी उनलाई सोचेजस्तो सजिलो भएन । धेरै ठाँउमा धाउँदा पनि खोजेजस्तो जागीर नपाएपछि उनले अन्तिम विकल्पकारूपमा एउटा क्याट्रीनमा काम गरिन् । निकै मिहेनतपछि हातमुखजोर्ने जागीर पाएपछि को खुसी नहोला ? त्यस्तै खुसी थियो उनीमा पनि । सरकारले श्रमका लागि तोकेको आठ घण्टाभन्दा दोब्बर अर्थात दिनको झण्डै १६ घन्टा काम काम गरे पनि सोअनुसार पारिश्रमीक नपाएपछि भने उनी खिन्न छिन् । ‘कामअनुसारको पारिश्रमिक पाएत ठिकै थियो, उल्टै शारिरीक र मानसिक दुर्व्यवहार सहनुपरेको छ’, उनी भन्छिन् । न समयको टुङ्गो, न कामअनुसारको दाम । त्यसैमा विवाहका लागि काठमाडौँका ब्याङ्क्वेटमा खटिदाँ फरक फरक स्वभावका मान्छेहरूसँग ठोकिन पुग्दा गलत नियत राख्नेहरूसँग जोगिनु अर्को जोखिम रहेको डोमाको भनाइ छ । ‘कामगर्दा कार्यरत संस्थामा भोग्ने समस्या त छँदैछन् । त्योबाहिर पनि सुरक्षित अवस्था छैन । पछिल्लो समय त क्याट्रीनसम्म मानव बेचबिखन गर्ने बिचौलीया छिरेकाले हामी महिला थप जोखिममा छौँ’, उनले भनिन् । शुक्रबार काठमाडौँमा शुभअवसर ग्राम नेपालले आयोजना गरेको एक कार्यक्रममा मनोरञ्जन क्षेत्रका पेशागत पीडित सहभागीले यस्तै समस्या व्यक्त गरेका थिए । रामेछापकै रबिना तामाङले डोमाको जस्तै गुनासो गरिन् । स्नातक तह अध्ययन गरिरहेको बताउनने उनी पनि काठमाडौँको एउटा क्याट्रीनमा कार्यरत छिन् । तोकिएको समयभन्दा बढी परिश्रम गर्नुपर्ने बाध्यताले पढाईमा निकै समस्या भएको तर अर्को विकल्प नहुँदा दुखजिलो गरेर काम गरिरहनुपरेको उनको भनाइ छ । उनी भन्छिन्, ‘पढ्ने रहर छ तर समय पुग्दैन । न त परिश्रम गरेजति पारिश्रमीक पाइन्छ ।’

विराटनगरकी सुनिता खड्काले पनि मनोरञ्जन क्षेत्रमा काम गरेको लामो समय भयो । सो अवधिमा श्रम शोषण मात्रै होइन शारिरीक र मानसिक दुर्व्यवहारसमेत भोग्नुपरेको उनले सुनाइन् । मनोरजञ्जन क्षेत्र आफैँमा नराम्रो होइन तर यस क्षेत्रका सञ्चालकहरूले व्यवसायलाई व्यवस्थित बनाउन समस्या भइरहेको उनको भोगाइ छ । ‘मनोरञ्जन क्षेत्रमा धेरै महिला जोखिमपूर्ण अवस्थामा छन् । तोकिएको समयभन्दा बढी श्रम गर्दा पनि न समयमा तलब पाइन्छ, न त सम्मान नै । त्यसैले हाम्रो पेशागत सुरक्षा कसले गर्ने ?’, उनको प्रश्न छ । अधिकारकर्मी रसना ढकाल भने मनोरञ्जन पेशा कलाकार जन्माउने क्षेत्र भएकाले सोहीअनुसार उचित सम्मान र पारिश्रमिकको व्यवस्था हुनुपर्ने धारणा राख्छिन् । मनोरञ्जन क्षेत्रमा काम गर्ने महिला तथा किशोरीले कोठा नपाउने, कोठा खोज्नकै लागि ‘लिभिङ टुगेदर’ बस्नुपर्ने, त्यसरी बस्दा थुप्रै अपराधीक गतिविधि निम्तिएका उनले बताइन् । ‘उहाँहरूले नियुक्ती पत्रसमेत पाउनुभएको छैन, समयमा तलब पाउने कुरा त परैजाओस्’, रसनाले भनिन्, ‘मनोरञ्जन क्षेत्रलाई मर्यादित बनाउन व्यवसाय सञ्चालकदेखि राज्यका हरेक निकाय सचत हुन जरूरी छ ।’ काठमाडौँ महानगरपालिकाका सामाजिक विकास विभाग अधिकृत भवानी कपालीले महानगरले गरेको अनुगमनमा डान्सबार, होटलका तथा मनोरञ्जन क्षेत्रमा काम गर्ने किशोरीहरू बढी असुरक्षित रहेको बताइन् । यस्ता क्षेत्रमा कामगर्ने महिला तथा किशोरीलाई आत्मनिर्भर बनाउनुका साथै पेशालाई व्यवस्थित र मर्यादित बनाउने महानगरको योजना बनाइरहेको उनले जानकारी दिइन् । त्यसैगरी सबै वडालाई आफ्नो क्षेत्रमा रहेका डान्सबार र रेष्टुरेन्टको अवस्थाबारे अनुगमन गर्ने निर्देशनसमेत दिइएको उनको भनाइ छ । कार्यक्रममा शुभअवसर ग्राम नेपालका प्रतिनिधि रञ्जना शर्माले सन् २०२३ मा मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाको अवस्थामाथि अनुसन्धान प्रतिवेदन प्रस्तुत गरेको थियो ।

मनोरञ्जन क्षेत्रमा कामगर्ने महिला तथा पुरुषमध्ये धेरैले नियुक्ती पत्र नपाएको, शारिरीक र मानसिक शोषण खेप्नुपरेको, समयमा तलब नपाएको, सम्मानजनक व्यवहार नभएजस्ता समस्या अनुसन्धानले देखाएको शर्माले उल्लेख गरिन् ।

# महोत्तरीका अग्निपीडितलाई राहत सामग्री जुटाइँदै

**रासस**
**महोत्तरी ।**
अग्निपीडित महोत्तरीको मटिहानी–६ जरलहवागाछी टोलका बासिन्दाका लागि धमाधम राहत सामग्री जुटाइँदै छ । गत बुधबारको आगलागीले घर गुमाएका परिवारलाई शुक्रबार बिहान जनकपुरधामस्थित न्यूरो हस्पिटल तथा रिसर्च सेन्टरले राहत सामग्री प्रदान गरेको छ । बुधबार मध्याह्नको आगलागीमा सो बस्तीका एक सय १० घर जलेका थिए । आगोले अन्य ५० घरको अन्न, लुगाफाटा र अन्य सामग्रीमा क्षति भएको थियो । अग्निपीडित परिवारलाई मटिहानी नगरपालिकाले तत्काल तयारी खाना, पानी र ओतका लागि त्रिपाल उपलब्ध गराएको छ । पालिकाले चामल र पाँच हजार रुपैयाँ नगद नगरपालिकाले उपलब्ध गराएको छ । यसैगरी रेडक्रस महोत्तरी शाखाले भाँडाकुँडा उपलब्ध गराएको छ भने मटिहानी–८ का सुनचाँदी व्यवसायी जयशङ्कर गुप्ता र जलेश्वर–२ का मनुराज चौधरीले राहत सामग्री सहयोग गरेका छन् । जिल्ला विपद् व्यवस्थापन समिति महोत्तरीले अग्निपीडित परिवारलाई २० हजार रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको छ । यसैबीच, सरकारले जरलहवागाछी बस्तीको आगलागी घटनाबारे वास्तविक अवस्था पहिचान गर्न टोली परिचालन गरेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्था प्राधिकरणका सहसचिव गोगनबहादुर हमाल नेतृत्वको टोलीमा गृह मन्त्रालयका उपसचिव रमा आचार्य र प्राधिकरणकै उपसचिव डा डिजन भट्टराई र डढेलोविज्ञ सुन्दर शर्मा छन् । टोलीले क्षतिको यकिन गरी पीडितलाई राहत तथा पुनःस्थापनाका लागि तीनै तहका सरकारसँग समन्वय गरी गरिनुपर्ने कामबारे सुझाव दिने प्राधिकरणले जनाएको छ । बस्तीका अग्निपीडितलाई आवश्यक राहत जुटाउन सहयोग गरीदिन मटिहानी नगरप्रमुख हरिप्रसाद मण्डलले लगातार सार्वजनिक अपिल गर्दै आएका छन् ।

# धनुषामा नौ सय जनामा हात्तीपाइले रोग

**रासस**
**जनकपुरधाम ।**
धनुषा जिल्लामा नौ सय ३१ जनामा हातीपाइले रोग देखापरेको छ । जनस्वास्थ्य कार्यालय धनुषाले गरेको सर्वेक्षण अनुसार जनकपुर उपमहानगरपालिकामा सबैभन्दा बढी हात्तीपाइले रोगका बिरामी रहेका छन् । सर्वेक्षण विवरणअनुसार जनकपुरधाम उपमहानगरपालिकामा दुई सय दुई, धनौजी गाउँपालिकामा नौ, सहिद नगरपालिकामा एक सय १६, मुखियापट्टी गाउँपालिकामा १४, मिथिला विहारी नगरपालिकामा ३६, लक्ष्मीनिया गाउँपालिकामा ३९, नगराइन नगरपालिकामा एक सय ९५, कमला नगरपालिकामा ३४, हङ्सपुर नगरपालिकामा एक सय नौ, विदेह नगरपालिकामा ५३, जनकनन्दनी गाउँपालिकामा ६९ तथा औरही गाउँपालिकामा ५५ जनामा हात्तीपाइले रोग देखिएको जिल्ला जनस्वास्थ्य कार्यालयका अधिकृत शिवजी दासले जानकारी दिए ।
हात्तीपाइले रोगको रोकथाम तथा जनचेतना फैलाउने विषयमा कार्यालयद्वारा यहाँ आयोजित अन्तरक्रिया कार्यक्रममा अधिकृत दासले हात्तीपाइले रोगका बिरामीको संख्या बढदै गएको बताए । मधेश प्रदेशका चार जिल्लामा हात्तीपाइले रोगविरुद्ध औषधि खुवाउने अभियान सुरु हुने भएको छ । अभियानअन्र्तगत धनुषामा पनि हात्तीपाइले रोगविरुद्ध औषधि सेवन गराइने छ । अन्तरक्रिया कार्यक्रममा जनस्वास्थ्य कार्यालयका अधिकृत दासले धनुषामा यही वैशाख १६ गतेदखि ३० गतेसम्म हात्तीपाइले रोगविरुद्ध औषधि खुवाउने कार्यक्रम रहेको जानकारी दिए । अभियानअन्तर्गत धनुषामा आठ लाख ६४ हजारलाई औषधि खुवाउने लक्ष्य छ । सो कार्यालयले गत आर्थिक वर्षमा पनि औषधि खुवाउने अभियान सुरु गरेको थियो । ग्रामीण जनसंख्याको तुलनामा सहरी क्षेत्रमा औषधि नखाने दर ३६ प्रतिशतले कम देखिएको उनले भने । हात्तीपाइले रोगविरुद्ध औषधि गर्भवती, सुत्केरी तथा गम्भीर किसिमका बिरामीले सेवन गर्न नहुने अधिकृत दासले बताए ।

# खुल्ला ठाउँमा दिसापिसाब गर्ने नागरिकमध्ये आधा मधेशमै

**मधेशदृष्टि**
**वीरगंज ।**
देशमा शौचालयविहीन नागरिकमध्ये करिब आधा मधेश प्रदेशमै रहेको पाइएको छ । देशमा खुल्ला ठाउँमा दिसापिसाब गर्ने सम्पूर्ण नागरिकमध्ये करिब आधा मधेश प्रदेशमै भएको तथ्यांकले देखाएको छ । राष्ट्रिय जनगणना २०७८ मा मधेश प्रदेशमा शौचालय सुविधा नभएको घरधुरी मधेश प्रदेशमा १ लाख ३९ हजार २१० देखिएको छ । देशभरमा शौचालय सुविधीविहीन घरधुरी ३ लाख १ हजार ४९० रहेको देखिएको छ । मधेश प्रदेशका १२ प्रतिशत नागरिकमा शौचालय सुविधा रहेको देखिएको छ । मधेश प्रदेशको ११ लाख ५६ हजार ३८३ घरधुरीमध्ये १ लाख ३९ हजार २१० घरधुरीका मानिस खुल्ला क्षेत्रमा नै दिशापिसाब गर्दछन् । मधेश प्रदेशमा सबैभन्दा बढी धनुषा जिल्लामा शौचालय नभएको घरधुरी रहेको पाइएको छ । मधेस प्रदेशको राजधानी रहेको धनुषा जिल्लामा २६ हजार ८३३ घरधुरीको पहुँचमा शौचालय सुविधा नभएको तथ्यांकमा देखिएको छ । यसैगरी महोत्तरीमा २१ हजार २४८, सप्तरीमा १८ हजार १९, रौतहटमा १८ हजार ५४७, पर्सामा १७ हजार ६२०, सर्लाहीमा १४ हजार ९९९, सिराहामा १३ हजार ६४८ तथा बारामा ११ हजार ९६७ घरधुरीको पहुँचमा शौचालय नरहेको तथ्यांकमा देखिएको छ । देशमा सबैभन्दा कम साक्षरता रहेको मधेश प्रदेशमा सबैभन्दा बढी शौचालय नभएको घरधुरी धनुषा र सबैभन्दा कम घरधुरी बारामा रहेको पाइएको छ । देशकै सबैभन्दा कम साक्षरता रौतहट र महोत्तरीमा रहेका छन् । सरकारले शौचालय बनाउन विभिन्न अभियानहरू सञ्चालन गरेको भए पनि खासै प्रभावकारी भएको पाइएको छैन । सन् २०१९ मा नेपाललाई खुल्ला दिसामुक्त राष्ट्र घोषणा गरिएको भए पनि अझै लाखौँ मानिस घरबाहिर दिसापिसाब गर्न बाध्य छन् । देशलाई खुल्ला दिसामुक्त घोषणा गरिएको आधा दशक बितेपछि खुल्ला ठाउँमा दिसापिसाब गर्नेको संख्या एउटै प्रदेशमा लाखौँमा हुनु दुर्भाग्यपूर्ण अवस्था रहेको बुद्धिजीवीको भनाइ छ । शौचालय विहीनलाई शौचालय बनाउन र शौचालयमै दिसापिसाब गर्ने बानी बसाल्न संघ, प्रदेश र स्थानीय सरकार मिलेर संयुक्त अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको बुद्धिजीवीहरू बताउँछन् ।

# ८ हजारभन्दा बढी बालबालिका विद्यालय बाहिर

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीमा अझै ८ हजारभन्दा बढी बालबालिका विद्यालय बाहिर रहेको पाइएको छ । शिक्षा विकास तथा समन्वय इकाइ मलंगवाको तथ्याङ्क अनुसार जिल्लाभर आठ हजार २७७ जना बालबालिका विद्यालय बाहिर रहेका छन् । विद्यार्थी भर्ना अभियान जारी रहँदा ती बालबालिकालाई विद्यालयमा भर्ना गराउन २० वटै पालिकाका विद्यालयले घरदैलो अभियान सञ्चालन गरिरहेका छन् ।
विद्यालय भर्ना हुने उमेर पुगिसकेका पाँच वर्षदेखि १२ वर्षसम्मका आठ हजार २७७ जना बालबालिका विद्यालय बाहिर रहेका पाइएको शिक्षा विकास तथा समन्वय इकाइ मलङ्गवाका प्राविधिक सहायक सुनिलकुमार कुशवाहाले जानकारी दिए । यी बालबालिका इँटा भट्टा, मोटरसाइकल ग्यारेज, यातायातका साधन, होटललगायतमा श्रम गरिरहेका छन् । विद्यालय बाहिर रहेका बालबालिकामध्ये चार हजार ४८० जना बालक र तीन हजार ७९७ जना बालिका रहेका छन् । यीमध्ये सबैभन्दा धेरै मुसहर समुदायका बालबालिका रहेका छन् । जिल्लामा सबैभन्दा धेरै बरहथवा नगरपालिकामा बालबालिका विद्यालय बाहिर रहेका छन् । जिल्लामै सबैभन्दा बढी वडा अर्थात् १९ वटा वडा रहेको बरहथवामा ३६९ जना बालक र ४६३ जना बालिका विद्यालय बाहिर रहेका छन् । सबैभन्दा कम जिल्लामै सानो पालिकाको रुपमा छ वटा वडामात्रै रहेको पर्सा गाउँपालिकामा १२७ जना बालक र ११५ जना बालिका विद्यालय बाहिर रहेका छन् । ४४२ वटा सामुदायिक विद्यालय रहेको सर्लाहीमा शैक्षिक सत्र २०८० को तथ्याङ्क अनुसार बालविकासदेखि कक्षा १२ सम्म एक लाख एक हजार ४३३ जना छात्रा र ९० हजार २६७ जना छात्र विद्यालयमा भर्ना भएका छन् ।

# सशस्त्र प्रहरीको स्थापना दिवस मनाइयो



**सञ्जय मिश्रा**
**रौतहट ।**
विभिन्न कार्यक्रमको आयोजना गरी रौतहट स्थित सशस्त्र प्रहरी बल ११ नम्बर गण हेक्वा रौतहटको स्थापना दिवस मनाईएको छ । सशस्त्र प्रहरी मधेश प्रदेशका प्रमुख तथा छिन्नमस्ता वाहीनी वर्दिवासकाका डिआईजी दिपेन्द्र शाहले देशमा शान्ति सुरक्षासँगै सशस्त्र प्रहरीको सीमा रक्षामा पनि अहम भूमिका रहेको बताएका छन् ।
सशस्त्र प्रहरी बल गण ११ नम्बर हेक्वा रौतहटको स्थापना दिवसको अवसरमा शुक्रबार आयोजित समारोहका प्रमुख अतिथि डिआईजी शाहले सशस्त्र प्रहरी राष्ट्र देश हित र नेपाली जनताका लागि सधै समर्पित भएर काम गरि रहेको बताएका थिए । संस्थागत हित र उच्च मर्यादाका साथ अनुशासनमा रहन सशस्त्र प्रहरीका अधिकारीलाई उनले सुझाव दिएका थिए । उक्त समारोहका विशिष्ट अतिथि सिडिओ हिरालाल रेग्मीले देश द्वन्द्वकालमा रहेको बेलामा सशस्त्र प्रहरी बलको स्थापना भए पनि देशमा शान्ति सुरक्षाको क्षेत्रमा गरेको योगदान अतुलनीय रहेको बताएका थिए । सो अवसरमा सशस्त्र प्रहरी बल गण ११ नम्बरका गणपती एसपी बिक्रम हुमागाईले गत आर्थिक बर्षको उपलब्धि सार्वजनिक गरेका थिए ।
उनले अवैध मालसामान बरामद गरी २ करोड रुपैयाँ राजस्वमा योगदान गरेको, ५१ जना नागरिकलाई रक्तदान, सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम अन्तरगत सर्वसाधारण जनताका लागि हैण्ड पाईप जडान तथा सार्वजनिक शौचालय निर्माण गरिएको बताएका थिए ।
सो अवसरमा जिल्ला समन्वय समितिका प्रमख रामअयोध्या प्रसाद यादव, नेपाल रेडक्रस सोसाईटीका अध्यक्ष राजकिशोर प्रसाद यादव, रौतहट उधोग वाणिज्य संघका अध्यक्ष पण्डित प्रसाद जयसवाल, गौर नगरपालिका–९ का अध्यक्ष अर्जुन सिंह लगायतको उपस्थिति रहेको थियो । स्थापना दिवसको अवसरमा आयोजित विभिन्न प्रतियोगिताका विजयी तथा सशस्त्र प्रहरीमा उत्कृष्ट काम गरेकाहरुलाई प्रमुख अतिथि डिआईजी शाहले पुरस्कार तथा प्रमाण पत्र वितरण गरेका थिए ।

# बालबालिकाले प्रधानमन्त्रीलाई पठाए चिठ्ठी

**मधेशदृष्टि**
**वीरगंज ।**
गुणस्तरीय शिक्षाको माग गर्दै पर्साका दुई सय १५ जना बालबालिकाले लेखेको चिठ्ठी प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई पठाइएको छ । शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल नामक संस्थाको सहयोगमा पर्साका दुई सय १५ बालबालिकाले लेखेको चिठ्ठी आज पर्साका सहायक प्रमुख जिल्ला अधिकारी शीव प्रसाद लम्सालमार्फत प्रधानमन्त्री प्रचण्डलाई पठाइएको हो । उक्त संस्थाले पर्सा जिल्लाका विभिन्न सामुदायिक विद्यालयमा एक हप्ते अभियान सञ्चालन गरेर सामुदायिक विद्यालयको सुधार लगायतका विषयमा बालबालिकाले लेखेको पत्र संकलन गरेको थियो । दुई सय १५ जना बालबालिकाले लेखेको पत्र शुक्रबार जिल्ला प्रशासन कार्यालय पर्सामा पुगेर सहायक प्रमुख जिल्ला अधिकारी लम्सालमार्फत प्रधानमन्त्रीलाई बुझाइएको संस्थाका जिल्ला संयोजक इब्राहिम देवानले जानकारी दिए । प्रधानमन्त्रीलाई बालबालिकाहरुले 'मैले चाहेको विद्यालय' शीर्षकमा लेखेको पत्रमा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार्नु पर्ने, विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्थापन गर्नु पर्ने, प्रयोगशाला हुनुपर्ने, जीवन उपयोगी तथा सीपमुलक शिक्षाको व्यवस्थापन गर्नुपर्ने, बालमैत्री र अपांगमैत्री शिक्षाको व्यवस्थापन गर्नुपर्ने लगायतका बुदाँ उल्लेख गरिएको छ ।

# महाधिवेशन प्रतिनिधि चयन गर्न निर्देशिका

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी (जसपा)ले महाधिवेशन प्रतिनिधि चयन गर्न निर्देशिका बनाएको छ । कार्यकारिणी सदस्य लालबाबु राउतको नेतृत्वमा गठन भएको कार्यदलले निर्देशिकाको मस्यौदा तयार गरेको हो ।
राउतले शुक्रबार बसेको कार्यकारिणी समितिको बैठकमा मस्यौदा पेस गरेका हुन् । कार्यकारिणी सदस्यहरूले मस्यौदा अध्ययन गरेपछि शनिबार पुनः बस्ने बैठकमा मस्यौदामाथि छलफल हुनेछ । राउतले प्रस्तुत गरेको मस्यौदामा १ हजार महाधिवेशन प्रतिनिधिको प्रस्ताव गरेका छन् ।
यस्तै महाधिवेशन प्रतिनिधि कुन क्लस्टरबाट कसरी प्रतिनिधि चयन गर्ने लगायतका प्रावधान पनि प्रस्ताव गरिएको छ । प्रस्तावमाथि शनिबार छलफल हुने र त्यसलाई अन्तिम रूप दिइने राउतले बताए । जसपाको एकता महाधिवेशन जेठ २८ गतेदेखि ३० गतेसम्म जनकपुरमा हुँदैछ ।
महाधिवेशनकै लागि संगठित सदस्यहरू पनि टुङ्गो लगाइसकेको छ । जसपाका अनुसार संगठित सदस्य करिब १ लाख ४५ हजार छन् । संगठित सदस्यबारे पनि कार्यकारिणी समितिले छलफल गर्ने बताइएको छ ।

# आगलागीबाट ७ वटा घर गोठ जलेर लाखौंको क्षति



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटमा शुक्रबार आगलागीबाट ७ घर गोठ जलेर लाखौंको क्षति भएको छ । जिल्लाको पूर्विभेग गढिमाइ नगरपालिका र दुर्गा भगवती गाउँपालिका स्थित शुक्रवार भएको आगलागी बाट ७ वटा घर गोठ जलेर लाखौं बराबरको क्षती भएको छ । भैंसीलाई पानी खुवाउनको लागि पानी तताउने क्रममा गढिमाइ ६ बस्ने राम सागर राय यादब फुसको गोठ भएको आगलागीबाट सल्किएर स्थानीय राम बलम रायको फुसको गोठ, दिनेश साह कानुको फुसको गोठ, काशी राय यादबको फुसको घर, बिरेन्द्र साह कानुको फुसको गोठ, श्याम साह तेलीको टालीले छाएको कच्ची गोठ र बिनोद साह तेलीको फुसको गोठ जलेर पुर्ण रुपमा नष्ट भएको छ । उक्त घर गोठमा आगलागी हुदाँ अन्दाजी ४ लाख ५५ हजार रुपैयाँ बराबरको क्षति भएको सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी बिक्रम हुमागाईंले बताएका छन् । सशस्त्र प्रहरी सुरक्षा बेश समनपुरबाट सई सत्यनारायण माझीको कमाण्डमा गएको ७ जना, प्रहरी चौकी धरमपुरबाट असई सुरेन्द्र कुशवहाको कमाण्डमा गएको १३ जनाको टोली, गौरबाट गएको दमकल र स्थानीय बासीहरुको सहयोगमा साँझ सवा ५ बजे आगलागी पूर्ण रुपमा नियन्त्रणमा लिएको एसपी हुमागाईंले जानकारी दिएका छन् । त्यस्तै दुर्गा भगवतीमा आनन्द झाको गोठमा करेन्ट लाईन सट भई अपरान्ह ४ बजे आगलागी हुँदा गोठ पुर्ण रुपमा जलि नष्ट भएको छ । आगलागी बाट एकलाख पचास हजार बराबरको क्षति भएको सशस्त्र प्रहरीले जनाएको छ ।



# उपाध्यक्षसहित ६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर



**मधेशदृष्टि**
**वीरगंज ।**
महोत्तरीको एकडारा गाउँपालिकाकाकी उपाध्यक्ष महजबी खातुन, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार सिंहसमेत ६ जना उपर शुक्रबार भ्रष्टाचार मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोही गाउँपालिका वडा नं. १ अन्तर्गतका स–साना सडक ढलान गर्नको लागि विनियोजन भएको रकममा अनियमितता गरेको ठहर भएको भन्दै विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

यसबारे उजुर परेसँगै अनुसन्धान हुँदा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार सिंह, इन्जिनियर सुभाष पाण्डेय, योजना शाखा प्रमुख (अधिकृत छैटौं) महेन्द्र कुमार मण्डल र असिस्टेन्ट सव–इन्जिनियर संजय कुमार मंडलले योजनाको खरिद प्रक्रियामा तयार गरिएको गुणस्तर सम्बन्धी मापदण्ड अनुसार काम नगरी ८ लाख ६५ हजार १४५ रुपैयाँ भुक्तानी गर्न भूमिका खेलेको पाइएकाले उनीहरुविरुद्ध त्यही बराबरको बिगो माग दाबी गरिएको छ । यसैगरी एकडारा गाउँपालिकाकी उपाध्यक्ष महजबी खातुनले समेत स्थलगत अनुगमन गरी लागत अनुमान बमोजिमको कार्य सम्पन्न भइसकेको भनी गलत प्रतिवेदन दिएको अख्तियारले जनाएको छ । सोही प्रतिवेदनसमेतको आधारमा भुक्तानीसमेत भएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवानाको सजाय हुन मागदाबी लिइएको प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए । यसैगरी श्री जानकी कन्स्ट्रक्शनका प्रोपराइटर राकेश कुमार रायले समेत गलत नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी लिएको पाइएकाले उनलाई समेत आठ लाख पैंसठ्ठी हजार एक सय पैंतालीस रुपैयाँ बिगो कायम गरेर आरोपपत्र दायर गरिएको घिमिरेले जानकारी दिए ।



परीक्षामा सहभागी विद्यार्थी कक्षा १२ को परीक्षा देशभर शुक्रबारदेखि शुरु भएको छ । परीक्षा वैशाख २६ गते सञ्चालन हुनेछ । अंग्रेजी विषयको परीक्षामा सहभागि हुँदै पर्साका विद्यार्थी । तस्बिरः रासस

# आगलागी प्रभावितलाई आवास निर्माण गरिदिन जनमतको ध्यानाकर्षण

**मधेशदृष्टि**
**वीरगंज ।**
जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले उपप्रधान तथा गृहमन्त्रीलाई आगजनी तथा सुख्खायाम पीडितलाई राहत उपलब्ध गराउन ध्यानाकर्षण गराएका छन् । सिंहदरबारस्थित मन्त्रालयमा पुगेर सप्तरीको कञ्चनरुप नगरपालिका ५ मा वैशाख ९ गते आइतबार दिउँसो भएको आगजनीमा करिब ३० घरधुरीको घर र सरसामानहरू जलेर नष्ट भएको जानकारी गराए ।



त्यसैगरी, वैशाख १२ गते महोत्तरीको मटिहानी नगरपालिका ६ जरलहवा टोलमा आगलागी हुँदा करिब १२० परिवारको घर जलेर खरानी भएको अवस्था रहेको भन्दै पीडितहरू अधिकांश दलित तथा विपन्न वर्गको भएकाले सरकारको तर्फबाट लागि त्रिपाल र खानेकुरासहित राहत सामग्रीको अविलम्ब व्यवस्था गराउन माग गरे । भूकम्प पीडितहरूको लागि आवास निर्माण सरकारले गरी दिए झैं यी विपन्न पीडितहरूको आवास निर्माणको लागि समेत मूल रूपमा पहल गर्न गृहमन्त्रीको ध्यानाकर्षण गराए । सुख्खा मौसममा तराई–मधेशका विभिन्न ठाउँहरूमा खानेपानीको हाहाकार देखिएको र प्रचण्ड गर्मीसँगै सो क्रम अझै बढ्ने हुँदा पानी जस्तो अत्यावश्यक र आधारभूत कुराको वितरण प्रभावित क्षेत्रहरूमा राहतस्वरूप गरी दिनु हुनका लागि अनुरोध गरे ।

यसैबीच मधेश प्रदेशका पूर्वमुख्यन्यायाधिवक्ता दीपेन्द्र झाले महोत्तरीको मटिहानीका आगलागी पीडितहरूलाई राहतका प्याकेज तथा पुनर्वासको व्यवस्था गर्नुपर्ने भन्दै संघीय सरकारसहितलाई ध्यानाकर्षण गराएका छन् । झाले शुक्रबार प्रधानमन्त्री पुष्पकलम दाहालसहित तीन वटै सरकारका विभिन्न निकायसमक्ष सात बुँदे ध्यानाकर्षण पत्र पेश गरेका हुन् । उनले मटिहानी नगरपालिकाको जरलहवा बस्तीमा भएको विनाशकारी आगलागीको घटनाका पीडितको बाच्न पाउने अधिकार, आवास, खाद्यान्यलगायतका मौलिक अधिकारको प्रत्याभूति गर्न माग गरेका छन् ।

# आइतबारदेखि हात्तीपाइले रोगविरुद्ध औषधि खुवाइने



**रासस**
**काठमाडौँ ।**
सरकारले यही वैशाख १६ गते (आइतबार)देखि सात जिल्लामा हात्तीपाइलेविरुद्धको औषधि खुवाउने भएको छ । हात्तीपाइले रोगको जोखिम रहेका झापा, धनुषा, सर्लाही, रौतहट, रसुवा र कपिलवस्तु जिल्लामा हात्तीपाइलेविरुद्धको औषधि सबैलाई खुवाउने गरी आम औषधि सेवन अभियान सञ्चालन गर्न लागिएको स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा रुद्र मरासिनीले जानकारी दिए । यसअघि ती सात जिल्लामा आम औषधि सेवन अभियान सञ्चालन गरिए पनि सफल नभएपछि पुनः अभियान सञ्चालन गर्न थालेको हो । अभियान दुई हप्तासम्म सञ्चालन हुनेछ । अभियानमा यसपटक करिब ६ हजार स्वास्थ्यकर्मी र पाँच हजार आठ सय महिला स्वास्थ्य स्वयंसेविका परिचालन गरिने छन् । निर्देशक डा मरासिनीका अनुसार सात जिल्लाका एक सय एक स्थानीय तहका ५० लाख ७८ हजार जनालाई हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउन थालिएको हो । दुई वर्षभन्दा बढी उमेरका सबैलाई औषधि खुवाइने उनले बताए । गर्भवती र सात दिनसम्मका सुत्केरी, छारे रोगको समस्या भएका व्यक्ति, पहिले आम औषधि सेवन गर्दा गम्भीर समस्या देखिएका व्यक्ति तथा सिकिस्त बिरामीले सो औषधि खान नहुने निर्देशक डा मरासिनीले बताए । हात्तीपाइलेविरुद्धको आम औषधि सेवन कार्यक्रम सफल भएको उनको भनाइ छ । हात्तीपाइले रोग मानिसलाई शारीरिकरुपमा अशक्त तथा अपाङ्ग बनाउने एक सरुवा रोग हो । यो रोग एक प्रकारको मसिनो धागो आकारको जुकाजस्तै परजीवीले गराउँछ । यो रोग सङ्क्रमित लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने र मानिसको शरीरमा यो परजीवी प्रवेश गरेको केही वर्ष पछि मात्रै रोगका लक्षण शरीरमा देखिने निर्देशक डा मरासिनीले बताए । हात्तीपाइले रोगको धेरैजस्तो सङ्क्रमण लक्षण बिनाको हुने भएकाले समुदायका अन्य व्यक्तिलाई समेत रोग सर्ने सम्भावना रहन्छ । त्यसैले हात्तीपाइले रोगबाट बच्न तथा प्रारम्भिक अवस्थामा नै पूर्णरुपमा निको हुन आम औषधि सेवन गर्न जरुरी छ । महाशाखाका वरिष्ठ जनस्वास्थ्य अधिकृत तथा अभियानका फोकल पर्सन रामकुमार महतोले ५३ जिल्लामा समुदायस्तरमा हात्तीपाइले रोगको सङ्क्रमण रोकिएको बताए । उनका अनुसार दाङ, मोरङ, बाँके र कैलाली जिल्लामा प्रारम्भिक समुदायस्तरको सङ्क्रमण रोकिएको छ ।




मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्


# छोराको हत्या गरी शव लुकाएकी महिला पक्राउ



**मधेशदृष्टि**
**सिरहा ।**
सिरहामा आफ्नै ५ वर्षीय छोराको हत्या गरी शव लुकाएको आरोपमा आमा ३४ वर्षीय सरीताकुमारी साह पक्राउ परेकी छन् ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार सखुवानन्कारकट्टी गाउँपालिका ५ घर भई हाल लहान नगरपालिका १ मा बस्ने साहले ५ वर्षीय छोरा आयुष साहको हत्या गरेर उनले सुत्ने पलंगमा लुकाएकी थिइन् । गत वैशाख ११ गते दिउँसो साढे ५ बजे स्थानीयले बालक बेपत्ता भएको प्रहरीलाई खबर गरेका थिए । प्रहरी टोलीले खोजतलाश गर्दै जाँदा आमा सरीता सुत्ने कोठामा रहेको बक्स पलङको घर्राभित्र मृत अवस्थामा छोरा आयुष फेला परेको सिरहाका प्रहरी प्रवक्ता डिएसपी मुक्तिनाथ सापकोटाले बताए । आमा सरीतालाई सोही दिन पक्राउ गरी सिरहा जिल्ला अदालतबाट कर्तव्य ज्यान मुद्दामा ७ दिनको म्याद थपेर अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

# मिस नेपालको वीरगंजमा अडिसन




**मधेशदृष्टि**
**वीरगंज ।**
मिस नेपाल २०२४ को लागि बैशाख १६ गते आज आईतबार मधेश प्रदेशका लागि वीरगंजको होटल भिष्वामा अडिसन हुने भएको छ ।

द हिडन ट्रेजरद्वारा आयोजित मिस नेपाल २०२४ को लागि वीरगंज अडिशन गर्न लागिएको मिस नेपाल इन्टरनेशनल २०२३ प्रशिद्धी शाहले जानकारी दिइन् ।

वीरगंज अडिशनका लागि मिस नेपाल प्रशिद्धी शाहको टोली वीरगंज आई पुगेको द हिडन ट्रेजरका संचालक अजय रत्न स्थापितले बताए । यस बर्ष २०२४ को मिस नेपाल प्रतियोगितामा न्युनतम ५ फिट ३ इन्च उचाई, तथा १८ बर्ष देखि २७ बर्षका अविवाहित नेपाली महिलाले आवेदन दिन सक्ने जनाईएको छ । प्रतियोगितामा भाग लिन आवेदनको कुनै पनि शुल्क नलाग्ने समेत आयोजकले जनाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन